# सहकारी बुलेटिन

# Cooperative Bulletin

अङ्क ३ | वर्ष १, अङ्क ३ | साउन–कार्तिक | २०७७




नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौँ, नेपाल

# सहकारी संस्थाले अङ्कित मूल्यमा मात्र सेयर बिक्री गर्नुपर्ने विषयको सहकारी विभागको सूचना

सहकारी ऐन, २०७४ को दफा ६३ को उपदफा (४) मा सहकारी संस्थाको सेयरको अङ्कित मूल्य प्रतिसेयर एक सय रूपैयाँ हुनुपर्ने व्यवस्था रहेको विदितै छ । तदनुसार सहकारी संस्थाले विनियमबमोजिम योग्यता पुगेका सेवा उपयोगकर्ता इच्छुक व्यक्तिलाई एक सेयरमात्र खरिद गरेको खण्डमा पनि स्वैच्छिक तथा खुला सदस्यताको सिद्धान्तबमोजिम कुनै भेदभाव नगरी समान अधिकारसहित सदस्यता प्रदान गर्नुपर्दछ ।

यदाकदा सहकारी संस्थाहरूले साबिकका सदस्यहरूले खरिद गरेको सेयरबाट नाफासमेत थपिएको भन्नेजस्तो भ्रामक तर्क गरी नयाँ सदस्यलाई सेयर प्रिमियमबापत भनी एक सेयरको एक सय रूपैयाँभन्दा बढी लिने गरेको बुझिएकाले यो सूचना जारी गरिएको छ ।

अतः नयाँ वा पुराना जुनसुकै सदस्यलाई सहकारी संस्थाको सेयर बिक्री गर्दा अङ्कित मूल्य – अर्थात् प्रतिसेयर एक सय रूपैयाँका दरले हुने रकममात्र – लिनु हुन तथा सेयर प्रिमियम वा त्यस्तै अन्य कुनै नाममा रकम नलिनु हुन जानकारी गराइन्छ । अन्यथा कानुनबमोजिम कडा कारबाही गरिनेछ ।

सहकारी विभाग

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

**संरक्षक**
रजिष्ट्रार
डा. टोकराज पाण्डे

**सल्लाहकार**
श्री सुरेन्द्रराज पौडेल
श्री चोमेन्द्र न्यौपाने

**सम्पादक मण्डल**
श्री प्रेमराज लुइटेल
श्री शोभा घिमिरे
श्री सन्देश प्रसाद जोशी
श्री भानु भक्त भट्ट

**प्रकाशकः**
नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
**फोन नं.** ९७७-१-४४६५३६२, ४४६११७७
**इमेल :** sahakaribivag@gmail.com
**वेबसाइटः** www.deoc.gov.np

# प्रकाशकीय

भनिन्छ, सूचना नै शक्ति हो । कुनै पनि सार्वजनिक निकायले आफूले गरेका गतिविधिहरूलाई आम नागरिकहरू समक्ष सार्वजनिक गर्नाले पारदर्शिता प्रवर्द्धन हुनुका साथै उनीहरूको सुसूचित हुने अधिकार सुनिश्चित हुन जान्छ । लोकतान्त्रिक शासन व्यवस्थाको सौन्दर्य भनेकै शासन प्रणालीमा आम नागरिकको सहभागिता सुनिश्चित हुनु र शासकीय गतिविधिहरू पारदर्शी र जनमुखी हुनु हो । यसै परिप्रेक्षमा सहकारी विभागले यस आर्थिक वर्ष २०७७/०७८ को सुरूवातदेखी कात्तिक महिनासम्म सम्पादन गरेका गतिविधिहरू, नवप्रवर्तनीय कामहरू एवम प्रगतिहरूलाई समेटी सरोकारवाला समूह एवम नागरिकहरूलाई सुसूचित गर्ने हेतुले यो बुलेटिन प्रकाशन गरेको छ ।

राज्यले अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा पहिचान गरिसकेको सहकारी क्षेत्रले नेपालमा गरिबी निवारण, स्वावलम्वन प्रवर्द्धन, स्थानीय सीप एवम छरिएर रहेको पूँजीको उपयोग, लघुउद्यम विकास आदि कार्यहरू गर्दै आम उपभोक्ताहरूमा वित्तीय साक्षरता प्रवर्द्धन गरी उनीहरूको सामाजिक साँस्कृतिक एवम आर्थिक उन्नयनमा उल्लेखनीय भूमीका निर्वाह गर्दै आएको छ ।

**"एकका लागि सबै र सबैका लागि एक"** भन्ने दर्शनबाट ओतप्रोत भई सहकारी संस्थाहरू संसार भरी कार्यरत छन् र नेपाल पनि अपवाद रहेन । वि.सं. २०१३ सालमा स्थापना भएको बखान सहकारी संस्था, चिवतनबाट शुरू भएको सहकारी अभियानमा हाल २९ हजार ८ सय ८६ सहकारी संस्थाहरू क्रियाशील छन् ।

हाल नेपालमा स्थापना भएका सहकारीहरू विश्वव्यापी रूपमा अनुग्रहण गरिएका निम्न सहकारीका सिद्धान्तहरूबाट निर्देशित छन् : ऐच्छिक तथा खुल्ला सदस्यता, सदस्यको लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी संस्थाहरूबीच सहयोग समुदायप्रतिको सरोकार । स्वावलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र एक्यवद्धताजस्ता सहकारीका मूल्यमान्यताहरूबाट ओतप्रोत भएर सहकारी अभियान अगाडि बढिरहेको बर्तमान सन्दर्भमा नेपालमा वित्तीय सुशासन, व्यवस्थापन, सदाचार र ऐन कानूनको परिपालना सम्बन्धी केही समस्याहरू पनि रहेका छन् र उक्त समस्या समाधान गर्न विभाग प्रयासरत छ । सहकारी आन्दोलनमा संलग्न सहकारीकर्मी, आम उपभोक्ता र नियमनकारी निकायमा कार्यरत कर्मचारीहरूको कार्यशैली, अनुशासन र प्राविधिक सीप प्रवर्द्धन गर्दै सहकारीलाई सदस्य केन्द्रित क्रियाकलापमा लाग्न एवम उत्पादनशील क्षेत्रमा संलग्न गराउन उत्प्रेरित गर्नु आजको आवश्यकता रहेको छ ।

**"सहकारी बुलेटिन"** को प्रस्तुत तेस्रो अंक प्रकाशन गर्न पाउँदा खुशी लागेको छ । प्रस्तुत सहकारी बुलेटिन सहकारी क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरू, सहकारीकर्मी, नियमनकारी निकाय, यो क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थी, शिक्षक एवम आम नागरिकको लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएका छौं ।

**सम्पादक मण्डल**

# रजिष्ट्रारको कलमबाट...



सहकारी विभागले गर्दै आएका गतिविधि र क्रियाकलापलाई समेटी 'सहकारी बुलेटिन' को तेस्रो अंकको प्रकाशन भएको देख्न पाउँदा खुशी लागेको छ। विश्वभरी नै आज सहकारी संस्थाहरु अर्थतन्त्रको बलियो खम्वा वन्न सफल भएको परिप्रेक्ष्यमा नेपालको वर्तमान संविधानले पनि सहकारी क्षेत्रलाई अर्थतन्त्रको एउटा खम्बाको रुपमा पहिचान गरेको छ । नेपाल जस्तो विकासोन्मुख मुलुकमा गाउँ/शहरमा छरिएर रहेको सीप, पूँजी, प्रविधिलाई अधिकतम उपयोग गर्दै सहकारी क्षेत्रले रोजगारी सिर्जना, आम सदस्यहरुको सामाजिक आर्थिक उन्नयन गर्दै गरिबी निवारणमा अहम भूमीका खेल्दै आएको कुरा घाम जत्तिकै छर्लङ्ग छ । हाल नेपालमा सहकारी क्षेत्रमा ८८ हजार २ सय ८८ व्यक्तिहरुले रोजगारी पाएका छन् । सहकारी क्षेत्रले आम सदस्यहरुमा वित्तीय साक्षरता, बचत गर्ने वानीको विकास, उद्यमशीलता प्रवर्द्धन, उत्पादनमुखी सोच, व्यावसायिकता विकास, नेतृत्व सीप विकास लगायतका आयामहरुमा अहम भूमीका निर्वाह गर्दै आएको छ ।

नेपालको संविधानले राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अर्न्तगत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने स्पष्ट गरिएको छ ।  अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने र त्यसका लागि सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने कुरालाई संविधानले जोड दिएको छ । सहकारीले विशेषतः  समुदायको आर्थिक, सामाजिक र सास्कृतिक उन्नयन गर्न भरमग्दुर प्रयास गर्दछ । सहकारी संस्थाहरुले उपभोक्ताहरुको आर्थिक, सामाजिक एवम सांस्कृतिक उन्नयनमा जोड दिइ गरिवी निवारण एवम अर्थतन्त्रलाई बढावा दिन ठूलो भूमीका निर्वाह गर्दै आएका छन् ।

राजनैतिक स्थायीत्वले मात्र समृद्धि हासिल नहुने भएकाले आर्थिक विकास र वृद्धि त्यसका लागि प्रमुख शर्त हुन । यसको लागि आवस्यक पर्ने लगानी प्रर्वद्धन गर्न एवं नागरिकलाई रोजगारीका अवसरहरु  सिर्जना गर्न समेत सहकारी कृयाशिल हुन्छ । समुदायको सशक्तीकरण गर्न र सामुहिक भावनाको जागरण गराउन समेत सहकारीहरु माध्यम वन्दछन । मुलुकको आर्थिक वृद्धि र विकास हासिल गर्न आर्थिक सामाजिक रुपान्तरण गर्न तथा आर्थिक असमानता हटाई सामाजिक न्याय कायम गर्न सहकारी सहयोगी हुने कुरामा कसैको दुईमत हुन सक्दैन ।

समुदायको श्रोतमा पंहुच सुनिश्चित गर्न र स्वरोजगारको सिर्जना गर्न सहकारीलाई नेपाल सरकारले पनि उपयोग गर्दै आएको छ । नेपाल जस्तो कृषि प्रधान मुलुककालागि

कृषिमा आधुनिकिकरण व्यवसायीकरण र विविधिकरण गर्न समेत यसको महत्वपूर्ण हात रहन्छ। सहकारीकै माध्यमवाट नेतृत्व र सिप विकास गर्न एवं चेतना अभिवृद्धि गर्न सकिन्छ। निमुखालाई आवाज दिने काम सहकारीवाट भएको पाइन्छ। बढ्दै गएको प्रतिभा पलायन रोक्न एवं समुदायको सामूहिक हित विकास गर्न समेत सहकारी माध्यम बन्दछ। सह अस्तित्व र सेवा भावको प्रर्वद्धन गर्ने सहकारीको प्रमुख काम हो। आयात प्रतिस्थापन तथा निर्यात प्रर्वद्धन गरी व्यापार घाटा कम गर्न समेत सहकारी सहायक हुन्छ। जसले सहकारीलाई उत्पादनसंग प्रत्यक्ष जोडी व्यापार घाटा कम गर्न सहज हुन्छ।

सहकारी क्षेत्रमा देखिएका नयाँ चुनौती समाधान गर्दै सम्भावनाहरुलाई उजागर गर्न विभाग प्रतिवद्ध छ। सेवाग्राहीमैत्री सहकारी प्रशासनको वकालत र अभ्यास गर्दै विभागले आन्तरिक र बाह्य दुवै सुधारमा जोड दिएको छ। इमान्दारिता, पारदर्शिता, स्वअनुशासन र स्वनियन्त्रणजस्ता आधारभूत सहकारिताका मूल्य, मान्यता, सिद्धान्त र विचारलाई प्रवर्द्धन गर्ने दिशामा विभाग अग्रसर छ। सहकारी सम्बद्ध प्रकाशन, प्रशारण र प्रवर्द्धनका गतिविधिलाई विभागले फक्राउने कोशीश गरेको छ।

सहकारी बुलेटिन प्रकाशनका लागि खटिने सबै कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै सहकारीको ओजलाई थप उजिल्याउने हाम्रो अभियानमा हातेमालो हुने विषयमा म विश्वस्त छु।

धन्यवाद।

**डा. टोकराज पाण्डे**
**रजिष्ट्रार**
मिति : २०७७।०७।३०

# सहकारी संस्थामा बचत गर्दैछौ ?

## छौँ भने पाँचओटा कुरा सम्झी सक्रिय रूपमा सहभागी पनि बनौँ :

**सर्वसाधारणको संस्था :** सहकारी बचत संस्था आम उपभोक्ताले जोहो गरी नियमित रूपमा रकम राखेर अड्कोपड्को टार्ने अनि भविष्यमा ज्येथा जोड्ने भनेर खोलेको हो;

**सदस्यताको सर्त :** संस्थामा सेवा उपयोगकर्ता सदस्य बन्न चाहे कुनै भेदभाव नगरी बनाउनुपर्दछ; सदस्य नबनेसम्म कसैले बचत राख्न वा ऋण लिन मिल्दैन;

**समान अधिकार :** अघि दर्ता गर्ने र अब बन्ने सदस्यको कर्तव्य र अधिकार संस्थामा बराबरी हुन्छन्; कसैले आफूलाई संस्थापक मानी अर्कालाई ग्राहकजस्तो व्यवहार गर्न पाउँदैनन्; धेरै र थोरै पैसा राखेको भनेर पनि भेदभाव चल्दैन;

**स्वशासकीय बन्दोबस्त :** सदस्यहरूको सल्लाहले बचत, ऋण, व्याजदरलगायत संस्था सञ्चालनको सबै तहबह मिलाउनुपर्ने हुन्छ र

**स्वउत्तरदायित्व :** आफैँले आफ्ना लागि चलाउने भएकाले संस्थाको जस-अपजस पनि सदस्यहरूले नै लिनुपर्ने हुन्छ; आफूले वास्ता नगरे अर्काले मनलागी गर्न पनि सक्तछन् ।

सहकारी विभाग

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी विभाग

# नागरिक वडापत्र

| क्र.स. | सेवाग्राही सँग सम्वन्धीत कार्य | जिम्मेवार शाखा | आवश्यक कागजात | समय सीमा | शुल्क | जिम्मेवार कर्मचारी | वैकल्पिक अधिकृत | गुनासो सुन्ने अधिकृत |
|---|---|---|---|---|---|---|---|---|
| १. | संघ संस्थाको विनियम संशोधन | प्रशासन | – संस्थाको स्वीकृत विनियमको प्रतिलिपि,<br>– पछिल्लो साधारण सभाको निर्णयको प्रतिलिपि,<br>– दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>– विनियम संशोधन गर्नुपर्ने कारण खुलेको तीन महले फाराम २ प्रति । | ७ दिन | निःशुल्क | शा.अ. (प्रशासन) | का.अ. (कानून) | उपरजिष्ट्रार (प्रशासन) |
| २. | संघ संस्थालाई आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुटको सिफारिस | प्रशासन | – जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,<br>– अचल सम्पत्ति खरिदसम्बन्धमा विस्तृत विवरण खुलेको पछिल्लो साधारण सभाको निर्णयको प्रतिलिपि,<br>– संस्थाको स्वीकृत विनियमको प्रतिलिपि,<br>– पछिल्लो लेखापरीक्षण प्रतिवेदन, | ३ दिन | निःशुल्क | शा.अ. (प्रशासन) | का.अ. (कानून) | उपरजिष्ट्रार (प्रशासन) |

| क्र.स. | सेवाग्राही सँग सम्वन्धीत कार्य | जिम्मेवार शाखा | आवश्यक कागजात | समय सीमा | शुल्क | जिम्मेवार कर्मचारी | वैकल्पिक अधिकृत | गुनासो सुन्ने अधिकृत |
|---|---|---|---|---|---|---|---|---|
| | | | – नियामक निकायबाट अनुगमन भएको भए दिएको निर्देशन पालनाको अवस्था,<br>– अन्य कुनै निकायको अनुमति चाहिने भए सो समेत । | | | | | |
| ३. | संघसंस्थालाई भन्सार लगायतका अन्य छुट तथा सुविधाहरुको सिफारिस | योजना | – पछिल्लो साधारण सभाको निर्णयको प्रतिलिपि,<br>– संस्थाको स्वीकृत विनियमको प्रतिलिपि,<br>– पछिल्लो लेखापरीक्षण प्रतिवेदन,<br>– स्वीकृत कार्ययोजना,<br>– अन्य कुनै निकायबाट अनुमति चाहिने भए सो समेत,<br>– आयात वा खरिद गर्ने साधन, उपकरण वा वस्तुको किसिम, मुल्य र निर्माण भएको देश तथा आयात हुने भन्सार विन्दु । | ३ दिन | निःशुल्क | शा.अ. (प्रशासन) | शा.अ. (कानून) | उपरजिष्ट्रार (प्रशासन) |
| ४. | संघसंस्था एकीकरण | प्रशासन | – साविकका सघसंस्थाहरुको साधारणसभाको निर्णयको प्रतिलिपि, | ३ दिन | निःशुल्क | शा.अ. (प्रशासन) | का.अ. (कानून) | उपरजिष्ट्रार (प्रशासन) |

| क्र.स. | सेवाग्राही सँग सम्वन्धीत कार्य | जिम्मेवार शाखा | आवश्यक कागजात | समय सीमा | शुल्क | जिम्मेवार कर्मचारी | वैकल्पिक अधिकृत | गुनासो सुन्ने अधिकृत |
|---|---|---|---|---|---|---|---|---|
| | | | – साविकका संघसंस्थाहरुको पछिल्लो करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>– साविकका संघसंस्थाहरुको पछिल्लो लेखापरीक्षण प्रतिवेदन,<br>– साविकका संघसंस्थाहरुको स्वीकृत विनियमको प्रतिलिपि,<br>– साविकका संघसंस्थाहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>– साविकका संघसंस्थाहरुको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,<br>– संयुक्त साधारण सभा भएकोमा सोको निर्णयको प्रतिलिपि,<br>– आवश्यकतानुसार साविकका संघसंस्थाहरुको संचालक समितिको एकीकरणसम्बन्धी निर्णयको प्रतिलिपि,<br>– एकीकरणको शर्त तथा कार्यविधि र सम्झौता,<br>– संयुक्त दरखास्त | | | | | |

| क्र.स. | सेवाग्राही सँग सम्वन्धीत कार्य | जिम्मेवार शाखा | आवश्यक कागजात | समय सीमा | शुल्क | जिम्मेवार कर्मचारी | वैकल्पिक अधिकृत | गुनासो सुन्ने अधिकृत |
|---|---|---|---|---|---|---|---|---|
| | | | – अन्य निकायको सिफारिस आवश्यक हुने भएमा सो समेत । | | | | | |
| ५. | ऋइएइःक्ष प्रणालीको ग्कभच क्ष र एबकककधयचम वितरण | मापदण्ड तथा अनुगमन शाखा ( COPOMIS इकाई) | – संस्थाको निवेदन,<br>– दर्ता प्रमाणपत्रको प्रतिलिपि । | १ दिन | निःशुल्क | कम्प्युटर अधिकृत वा कम्प्युटर सहायक (मापदण्ड तथा अनुगमन शाखा /COPOMIS इकाइ) | शा.अ. (मापदण्ड तथा अनुगमन शाखा) | उपरजिष्ट्रार (मापदण्ड तथा अनुगमन शाखा) |
| ६. | कार्यक्रमगत, पुँजीगत तथा विउपुँजी अनुदान वितरण | सहकारी प्रवर्द्धन | – सम्भाव्यता अध्ययन सहितको परियोजना प्रस्ताव,<br>– पछिल्लो साधारणसभाको निर्णयको प्रतिलिपि,<br>– पछिल्लो करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>– पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,<br>– सूचनामा माग भए बमोजिमका विवरण तथा कागजातहरु । | पहिलो किस्ताको हकमा ७ दिनभित्र र अन्तिम किस्ताको हकमा सम्पन्नताको प्रतिवेदन प्राप्त भए पश्चात | निःशुल्क | शा.अ. (सहकारी प्रवर्द्धन) | शा.अ. (प्रशासन) | उपरजिष्ट्रार (प्रशासन) |
| ७. | संघसंस्थाको कार्यक्षेत्र विस्तार | प्रशासन | – पछिल्लो साधारणसभाको निर्णय प्रतिलिपि, | १५ दिन | निःशुल्क | शा.अ. (प्रशासन) | का.अ. (कानून) | उपरजिष्ट्रार (प्रशासन) |

| क्र.स. | सेवाग्राही सँग सम्वन्धीत कार्य | जिम्मेवार शाखा | आवश्यक कागजात | समय सीमा | शुल्क | जिम्मेवार कर्मचारी | वैकल्पिक अधिकृत | गुनासो सुन्ने अधिकृत |
|---|---|---|---|---|---|---|---|---|
| | | | – पछिल्लो लेखापरीक्षण प्रतिवेदन,<br>– पछिल्लो करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>– संस्था दर्ता प्रमाणपत्र र विनियमको प्रतिलिपि,<br>– कुनै निकायको सिफारिस आवश्यक पर्ने भए सो समेत,<br>– नियामक निकायको अनुगमन प्रतिवेदन र निर्देशन पालनाको अवस्था,<br>– संस्थाको व्यवसायिक योजना र कार्यक्षेत्र पुनर्निधारण प्रतिवेदन,<br>– कार्यक्षेत्र विस्तार गर्नुपर्नाको कारण खुलेको तीन महले फारम २ प्रति,<br>– रजिष्ट्रारले आवश्यक ठानेका कागजातहरु । | | | | | |

# go AML System लागु गर्ने र देहाय बमोजिमको विवरण पठाउने सम्बन्धमा

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६ -२०८१) को उद्धेश्य नं ६ अन्तर्गत वुदाँ नं ६.३.४ को कार्यान्वयनको लागि २०७८ साउन देखि रु १० करोड भन्दा वढी निक्षेप वा पुँजी भएका वचत तथा ऋणको कार्य गर्ने देशभरिका सहकारी संस्थाहरुले **goAML Software System** मार्फत नेपाल राष्ट्र वैंक, वित्तीय जानकारी इकाई **(FIU)** मा **STR/TTR** को रिपोटिङ्ग गर्नुपर्ने छ। तसर्थ देहाय बमोजिम गर्नु गराउनु हुन  सहकारी विभागको मिति २०७७।०९।२२ को  निर्णयानुसार अनुरोध छ।

१) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरीएको निर्देशन, २०७४ को दफा १९ र २० वमोजिम सवै सहकारी संस्थाहरुले सीमा कारोवार प्रतिवेदन(TTR), शंकास्पद कारोवार प्रतिवेदन(STR) तोकिएको ढाँचामा नेपाल राष्ट्र वैंक, वित्तीय जानकारी इकाईमा पठाउने। यसरी प्रतिवेदन पठाउदा मिति २०७८ साउन देखि रु १० करोड भन्दा वढी निक्षेप वा पुँजी भएका वचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरुले goAML Software  System मार्फत पठाउने।

२) रु १० करोड भन्दा वढी वचत परिचालन गर्ने, वचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरुले संस्थाको नाम, ठेगाना, दर्ता नं र कारोवार रकम को विवरण सहितको सूचि सहकारी  विभाग र वित्तीय जानकारी इकाई **(FIU)**  मा पठाउने।

३) सबै सहकारी संस्थामा रहेका **AML-CFT** कार्यान्वयन अधिकारीको नाम, ईमेल र मोवाइल नम्बर सहकारी विभाग र वित्तीय जानकारी इकाईमा पठाउने।

## सहकारी  विभाग

# सहकारी विभागका पछिल्ला गतिविधिहरु

**१. सहकारी संघ संस्थाहरुको तथ्यांक सम्बन्धी अध्ययन**

सहकारी विभागले संघीयता कार्यान्वयन पश्चात पहिलो पटक सहकारी संघ संस्थाहरुको तथ्याकं सम्बन्धी अध्ययन गरेको छ, जसको साराशं निम्नानुसार रहेको छः

**अध्ययनको पृष्ठभुमि**

राज्यले अर्थतन्त्रको तेस्रो खम्बाको रुपमा पहिचान गरिसकेको सहकारी क्षेत्रले नेपालमा गरिबी निवारण, स्वावलम्बन प्रवर्द्धन, स्थानीय सीप एवम् छरिएर रहेको पूँजीको उपयोग, लघुउद्यम विकास, आदि कार्यहरु गर्दै आम उपभोक्ताहरुमा वित्तीय साक्षरता प्रवर्द्धन गरी उनीहरुको सामाजिक साँस्कृतिक एवम् आर्थिक उन्नयनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ ।

“**एकका लागि सबै र सबैका लागि एक**” भन्ने दर्शनबाट ओतप्रोत भई सहकारी संस्थाहरु संसार भरी सञ्चालनमा छन् र नेपालमा पनि वि.सं. २०१३ सालमा बखान सहकारी संस्था, चितवनको स्थापना सँगै सहकारी अभियानको श्रीगणेँश भएको हो र हालसम्म सहकारी क्षेत्रमा निकै उल्लेखनीय बिकास भईसकेको छ ।

करीव ६४ बर्ष लामो ईतिहास बोकेको सहकारी क्षेत्रले नेपालमा धेरै उतारचढावहरु भोगिसकेको छ र बेलाबखतको शासकीय व्यवस्था परिवर्तन सँगै सहकारी क्षेत्र एवम् अभियानमा समयानूकुल परिवर्तन हुँदै आएको छ । शासकीय व्यवस्था अनुरुपका कानूनी प्रबन्धहरु, सूचना प्रविधिको चरम विकासक्रम सँगै सूचना प्रविधि मैत्री संरचना र व्यवस्थाहरु राज्यले गर्दै आएको छ ।

**अध्ययनको औचित्य**

मुलुकमा संघीयताको बीजारोपण भएपश्चात शासकीय शक्ति र अधिकार तीन तहको सरकारहरु (संघ, प्रदेश र स्थानीय) बीच बाँडफाँड हुँदा सहकारी क्षेत्र नियमन गर्ने, सहजीकरण गर्ने तथा अन्य आवश्यक प्रवन्ध गर्ने अधिकारहरु पनि ३ तहकै सरकारबीच छरिएका छन् ।

वि.सं. २०७४ देखी नेपालभरका सहकारी संस्थाको आधिकारिक तथ्याङ्क नभएको हुँदा प्रदेश र स्थानीय निकायको नियमन क्षेत्राधिकार भित्रका नयाँ दर्ता भएका र साविकको डिभिजन सहकारी कार्यालयहरुले हस्तान्तरण गरेका सहकारी संघ संस्थाहरुको तथ्याङ्क अद्यावधिक गर्न टड्कारो आवश्यकता महसुस गरी सहकारी विभागले तथ्याङ्क संकलन कार्य शुरु गरेको हो ।_

**अध्ययनको उद्देश्य**

संघीयता कार्यान्वयन पश्चात मुलुकमा सहकारी संघ संस्थाहरुको तथ्याङ्क अद्यावधिक हुन नसकेको अवस्थामा यो अध्ययनले देहायका उद्देश्यहरु राखेको छ :

- नेपाल भर रहेका सहकारी संघ संस्थाहरुको तथ्याङ्क पत्ता लगाउनु ।
- सहकारी संघ संस्थाहरुको वित्तीय दृश्य/अवस्था पत्ता लगाउनु ।
- सहकारीहरुको लैङ्गिक पक्षको अवस्था पत्ता लगाउनु ।
- नीतिगत निर्णयको लागी पृष्ठपोषण अपलब्ध गराउनु ।

**अध्ययन कार्यदल**

संघीयता कार्यान्वयन पश्चात मुलुक भर सक्रिय सहकारीहरुको वित्तीय अवस्था, तथ्याङ्क, लैङ्गिक पक्ष, आर्थिक कारोबार, सदस्यहरुको विवरण, व्यवस्थापकिय पक्ष, नियामक निकाय आदिको अवस्था चित्रण गर्नको निम्ती सहकारी विभागले मिति २०७७ असाढ १५ गते विभिन्न ७ वटा अध्ययन टोलीहरु गठन गरेको थियो । ७ वटै प्रदेश र उक्त प्रदेश भित्रका ७५३ वटा स्थानीयतहहरु भित्र रहेका सहकारीहरुको विवरण विभागले माग गरेको ढाँचामा संकलन गर्न प्रत्येक प्रदेशमा एउटा अध्ययन टोलीको हिसाबले जम्मा ७ वटा टोलीहरुले तथ्याङ्क संकलन तथा विश्लेषण गरी अध्ययन सम्पन्न गरेको छ ।

**अध्ययन विधि**

- ७ वटा विभिन्न अध्ययन टोलीहरुले टेलिफोन तथा मोवाइल फोन मार्फत तोकिएका ठाउँहरुमा सम्पर्क गरी तथ्याङ्क संकलन गरिएको ।
- इमेल मार्फत तथ्याङ्क संकलन गरिएको
- तथ्याङ्क सत्यापनका लागी रुजु गरी आवश्यक परेको ठाउँमा पुनः सम्पर्क गरि अध्ययन गरिएको ।
- आवश्यकता अनुसार स्थलगत अध्ययन ।
- COPOMIS मा उपलब्ध विवरण अध्ययन ।

**अध्ययन क्षेत्र**

- ७७ वटै जिल्लाका ७५३ वटा स्थानीय तहहरु नियामक निकाय अन्तर्गतका सहकारीहरु
- ७ वटै प्रदेशहरु नियामक निकाय अन्तर्गतका सहकारीहरु ।
- संघीय सरकार अन्तर्गत सहकारी विभाग ले नियमन गर्ने सहकारीहरु

**प्राप्त नतिजा तथा विश्लेषण**

सहकारी विभागले २०७७ श्रावण महिना देखी कात्तिक सम्म गरेको अध्ययन

अनुसार सहकारी सम्बन्धी विवरण देहाय बमोजिम रहेको पाइएको छ ।

सम्पूर्ण देश भरी कुल सहकारीको संख्या २९,८८६ रहेको छ। कूल २९,८८६ मध्ये संघीय सरकार मार्फत १२५ (०.४१%) वटा सहकारी संघ संस्था रहेका छन्, भने प्रदेश सरकार अन्तर्गत ६,००२ (२०.०८%) सहकारी संघ संस्था रहेका छन्। त्यसैगरी स्थानीय सरकार अन्तर्गत २३,७५९ (७९.४९%) सहकारी संघ संस्था रहेका छन् । त्यसैगरी सहकारी संघ संस्थामा आवद्ध कूल सदस्य संख्या ७३,०७,४६२ रहेको छ । नेपालको कूल जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ र कुल जनसंख्याको २८ प्रतिशत सहकारीमा आवद्ध रहेको छ । कूल सदस्य सङ्ख्यामध्ये महिला सदस्यको संख्या ४०,९२,३९५ र पुरुष सदस्यको सङ्ख्या ३२,१५,०६८ रहेको पाइएको छ । जसमा कुल सहकारी सदस्यहरुमा महिला सदस्य ५६ प्रतिशत र पुरुष सदस्य ४४ प्रतिशत देखिएको छ। पुरुष सदस्य संख्याको तुलनामा महिला सदस्य संख्या १२% बढी रहेको छ। देशभरका सम्पूर्ण सहकारी संघ संस्थामा कूल शेयर पूँजी रु. ९४,१०,५०,१५,८०३ रहेको छ । त्यसैगरी सम्पुर्ण सहकारी संघ संस्थाको बचत संकलन रकम रु.४,७७,९६,११,४६,४७३ रहेको छ र कूल ऋण लगानी रु.४,२६,२६,२३,११,३८१ रहेको पाइएको छ । देशभरी क्रियाशील २९,८८६ सहकारीहरुले ८८,३०९ जनालाई प्रत्यक्ष रोजगारी दिएको तथ्य यस अध्ययन बाट पाईएको छ ।

सहकारी विभागले गरेको अध्ययन अनुसार सबैभन्दा बढी सहकारी संघसंस्था भएको प्रदेश बागमती रहेको पाइएको छ जस अनुसार यस प्रदेशमा १०,४१८ (दश हजार चार सय अठार) सहकारीहरु क्रियाशील छन् । त्यसैगरी सबैभन्दा कम सहकारी संघसंस्था रहेको प्रदेश कर्णाली प्रदेश रहेको छ। जहाँ १,९६७ (एक हजार नौं सय सरसट्ठी) सहकारी मात्र क्रियाशील छन् । देशभरी सञ्चालनमा रहेका सहकारीहरु मध्ये करीब ३५% सहकारीहरु बागमती प्रदेशमा क्रियाशील छन् र ७% सहकारीहरु कर्णाली प्रदेशमा कार्यरत छन् । सबैभन्दा बढी सहकारी सदस्य संख्या रहेको प्रदेश बागमती रहेको छ, जहाँ २७,१७,४६९ सदस्यहरु क्रियाशील छन्। त्सैगरी सबैभन्दा कम सहकारी सदस्यहरु रहेको प्रदेश कर्णाली रहेको छ जहाँ ४,०४,९५६ सदस्यहरु क्रियाशील रहेका छन् ।

सबैभन्दा बढी कुल शेयर पूँजी भएको प्रदेश बागमती रहेको छ। जसअनुसार रु. ५१ अर्ब जति रहेको छ र सबैभन्दा कम शेयर पूँजी रहेको प्रदेश कर्णाली रहेको छ। जुन रु. १ अर्ब जति रहेको छ। दोस्रो ठूलो शेयर पूँजी परिचालन गर्ने प्रदेशका रुपमा गण्डकी प्रदेश रहेको छ, जहाँ करिब रु. २२ अर्ब जति कूल शेयर पूँजी रहेको छ ।

कूल बचत संकलनको हिसाबले बागमति प्रदेश अग्रपंक्तिमा आउँछ, जहाँ उक्त

प्रदेशभित्र रहेका सम्पूर्ण सहकारीहरुले करीब रु. २ खर्ब बचत संकलन गरेको पाइएको छ । सबैभन्दा कम बचत संकलन भएको प्रदेश कर्णाली रहेको छ । जहाँ सहकारीहरुले करीब रु. ८ अर्ब बचत संकलन गरेका छन् ।

कूल ऋण लगानीको हिसाबले सबैभन्दा बढी ऋण प्रवाह गर्ने सहकारीहरु बागमती प्रदेशमा रहेका छन् । बागमती प्रदेश भित्र रहेका सहकारीहरुले रु. १ खर्ब ९९ अर्ब ८६ करोड जति ऋण प्रवाह गरेका छन् । सबैभन्दा कम ऋण लगानी गर्ने सहकारीहरु कर्णाली प्रदेशभित्र अवस्थित छन् र ती सहकारीहरले करीब रु. ७ अर्ब ९२ करोड ५२ लाख ऋण लगानी गरेका छन् ।

प्रत्यक्ष रोजगारीमा सबैभन्दा बढी रोजगारी प्रदान गर्ने सहकारीको हिसाबले बागमती प्रदेश अग्रपंक्तिमा आउँछ जहाँ ३३,८९२ (तेत्तिस हजार आठ सय बयानब्बे) जनाले सहकारी मार्फत् प्रत्यक्ष रोजगारी पाएका छन् । सहकारी मार्फत् रोजगारी प्रदान गर्ने दोस्रो ठूलो प्रदेशका रुपमा प्रदेश १ रहेको छ, जहाँ २०,६८५ (बिस हजार छ सय पचासी) जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । त्यसै गरी प्रदेश २ मा रहेका सहकारीहरुले १०,८४३ (दश हजार आठ सय त्रिचालिस) जनालाई रोजगारी प्रदान गरेको छ, जुन प्रदेशको हिसाबले तेस्रो ठूलो रोजगारी प्रदान गर्ने प्रदेश रहेको पाईएको छ । सबैभन्दा कम रोजगारी प्रदान गर्ने सहकारीहरु रहेको प्रदेश सुदुरपश्चिम प्रदेश रहेको छ जहाँ केवल २,८१५ (दुई हजार आठ सय पन्ध्र) जनाले रोजगारी पाएका छन् ।

सहकारी संघ संस्थानै शून्य रहेको गाउँपालिकाहरुमा डोल्पा जिल्लामा ३ वटा गाउँपालिकाहरु डोल्पोवुद्ध, शेफोक्सुन्डो, र छार्काताङसोङ र मनाङ जिल्लाको नार्पाभूमी गाउँपालिका रहेका छन् । सबैभन्दा बढी सहकारी संस्थाहरु रहेको स्थानीय तहको रुपमा काठमाडौँ महानगरपालिका अग्रपंक्तिमा आउँछ जहाँ १,८३९ (एक हजार आठ सय उन्चालिस) वटा सहकारीहरु क्रियाशील रहेका छन् । सबैभन्दा बढी रोजगारी सिर्जना भएको जिल्ला काठमाडौँ रहेको छ जहाँ ९,८६५ (नौँ हजार आठ सय पैँसठ्ठी) जनाले सहकारी मार्फत् प्रत्यक्ष रोजगार पाएका छन् ।

सहकारी मार्फत सबैभन्दा कम प्रत्यक्ष रोजगारी सिर्जना भएको जिल्ला मनाङ रहेको छ जहाँ ६ (छ) जनाले सहकारी मार्फत् प्रत्यक्ष रोजगारी पाएका छन् ।

**निष्कर्ष**

सहकारी विभागले करिब ४ महिना जति लगाएर तथ्याङ्क संकलन तथा विश्लेषण गरी नेपालमा हाल क्रियाशील भएका सम्पूर्ण सहकारी संघ संस्थाहरुको विवरण अद्यावधिक गर्न सफल भएको छ । तथ्याङ्क संकलन, विश्लेषण एवम् व्यवस्थापन कार्य निकै चुनौतीपूर्ण कार्य हो । सहकारी विभागले पनि अध्ययन कार्यदल गठन गरी

सहकारीसँग सम्बन्धीत तथ्याङ्क संकलन विभिन्न अफ्ठ्याराहरु (जस्तै विभिन्न प्रदेश तथा स्थानीयतहहरुमा समयमै सम्पर्क गर्न कठिनाइ, सम्पर्क गरीसकेपश्चात त्यहाँबाट समयमा सूचना प्रदान गर्न ढिलासुस्ती, कोरोना महामारीको कारण सबै कर्मचारीहरु उपस्थित हुन नसक्नु र कार्यालयहरु पूर्णरुपमा सूचारु हुन नसक्नु, विभागले मागेको ढाँचामा तथ्याङ्क उपलब्ध नगराइदिनु, आदि) का बाबजुद पनि तथ्याङ्क अद्यावधिक कार्य सम्पन्न गरेको छ ।


विभागले गरेको यस अध्ययन अनुसार सहकारी क्षेत्रका विभिन्न आयामहरु र पक्षहरु जस्तै- सहकारी संघसंस्थाको संख्या, सदस्य संस्था, कुल शेयर पूँजी, कूल बचत रकम, कूल ऋण लगानी, प्रत्यक्ष रोजगारी आदिमा बागमती प्रदेश अग्रपंक्तिमा देखिएको छ, भने उपरोक्त पक्षहरुमा कर्णाली प्रदेश निकै पछाडि रहेको पाइएको छ । समग्रमा हेर्दा, सहकारीहरु शहरीकरण र बढी जनसंख्या भएको ठाउँमा बढी केन्द्रित भइ क्रियाशील रहेको तर दुर्गम तथा न्यून जनसंख्या भएका क्षेत्रमा सहकारी क्षेत्रको उपस्थिति र गतिविधि निकै न्यून भएको तथ्य यस अध्ययनले उजागर गरेको छ । आउँदा दिनहरुमा सहकारी अभियानलाई केवल सुगम ठाउँ र शहरहरुमा मात्र केन्द्रित नगरी दुर्गम क्षेत्र र गाउँहरुमा समेत सक्रिय बनाउन र उत्पादनशील क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।


# नेपाल राज्यभरीका सहकारी सस्थाको बिवरण


| क्र.स. | प्रदेश | सहकारी सङ्ख्या | सदस्य संख्या | | | पछिल्लो आ.ब. को वितिय विवरण | | | | | प्रत्यक्ष रोजगारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | शेयर पूँजी | बचत संकलन | ऋण लगानी | स्थिर सम्पति | जम्मा सम्पति दायित्व | |
| १ | प्रदेश १ | ४७३७ | ५००२४९ | ४३५४५२ | ९३५७०० | ८२००२८७३७२ | ४१२१००४२८०९ | ३८९५२९१५१०७ | ३६२७७१५२२१ | ३४७७९५५४१५८३.७७ | २०६८५ |
| २ | प्रदेश २ | ४१५३ | २५२११२ | ३०३०८५ | ५५५१९७ | २३६५२४६१५८ | २३१९९६४१३१३ | १५०५११९८०६४ | २३१३२८०५१४ | ३७७०२१६६५७५ | १०८४३ |
| ३ | बागमती प्रदेश | १०४१८ | १४५७२०२ | १२६०२६७ | २७१७४६९ | ५१४०६४२७७२४ | २१४६६२२०५८६०.०८ | १९९८६४७२४४३४ | ९६२४२४६८७४ | ८४०६११७७९६३ | ३३८९२ |
| ४ | गण्डकी प्रदेश | २६७१ | ६४२१३० | ४७४५०२ | १११६६३२ | २२०५०९६७२४६ | ८६०७४५७१६९३ | ८८३७८०६१४३३ | १४६७३४७५६५३ | ८३३१३४०८९९४ | ७६३८ |
| ५ | लुम्बीनी प्रदेश | ३७५५ | ५७६३१२ | ३२२२९९ | ८९८६११ | ५८२२२९७०५० | ५९९६३७६८४६७ | ४०८०६८०४०३२ | ३६४५८९६३७३ | ११७१७५४९७४७६.५५ | ६९८९ |
| ६ | कर्णाली प्रदेश | १९६७ | २७२०३३ | १३२९२३ | ४०४९५६ | १९१८०७३४९९ | ८८६८१७८७९२ | ७९२५२४८४८५ | ५११५३४११९.१ | ७३५२३०२६८४ | ४५३४ |
| ७ | सुदुरपश्चिम प्रदेश | २०६० | ३१९१०० | २२३८८९ | ५४२९८९ | २०१५०८७७९७ | १०४४३४९६९४१ | ११४९९५८५३३१ | ३९१८६६४६६४ | २८७७२३७१८४८ | २८१५ |
| | जम्मा | २९७६१ | ४०१९१३८ | ३१५२४१७ | ७१७१५५४ | ९३७७८३८६८४६ | ४४४४२१९०५८७४.१३ | ४०२४७८५३६८८५.८० | ३८३१४८१३४१८ | ३५८३७६९२५५३९.८७ | ८७३९६ |
| | विभागीय नियमन क्षेत्र | १२५ | ७३२५७ | ६२६५१ | १३५९०८ | ३२६६२८९५७ | ३३५३९२४०५९९ | २३७८३७७४४९५ | ० | ० | ९१३ |
| | कुल सहकारी | २९८८६ | ४०९२३९५ | ३२१५०६८ | ७३०७४६२ | ९४१०५०१५८०३ | ४७७९६११४६४७३ | ४२६२६२३११३८१ | ३८३१४८१३४१८ | ३५८३७६९२५५३९.८७ | ८८३०९ |


| | |
|---|---|
| कुल सहकारी सङ्ख्या | २९८८६ |
| कुल सदस्य सङ्ख्या | ७३०७४६२ |
| **महिला** | ४०९२३९५ |
| **पुरुष** | ३२१५०६८ |
| कुल शेयर पुँजी | ९४१०५०१५८०३ |
| कुल बचत संकलन | ४७७९६११४६४७३ |
| कुल ऋण लगानी | ४२६२६२३११३८१ |
| प्रत्यक्ष रोजगारी | ८८३०९ |

## समष्टिगत सहकारीको विवरण बृत्तचित्रमा :




कुल शेयरपुँजी, बचत संकलन र ऋण लगानीको अंश
शेयर पूँजी,
९४१०५०१५८०३
ऋण लगानी,
४२६२६२३११३८१
बचत संकलन,
४७७९६११४६४७३


देशभरि सहकारी मार्फत प्रत्यक्ष रोजगारी
२८१५
९१३
४५३४
६९८९
७६३८
२०६८५
१०८४३
३३८९२
प्रदेश १
प्रदेश २
बागमती प्रदेश
गण्डकी प्रदेश
लुम्बीनी प्रदेश
कर्णाली प्रदेश
सुदुरपश्चिम प्रदेश
विभागीय नियमन क्षेत्र

# बचत तथा ऋणको मुख्य कारोबार गरेका बहुउद्देश्यीय तथा अन्य विषयगत सहकारी संघसंस्थाहरूलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यीय संस्थाले ऐन प्रारम्भ हुनुअघि बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नुपर्ने व्यवस्था रहेको बेहोरा विदितै छ ।

कुनै सहकारी संस्थाले ऐनको दफा २ को खण्ड (ज) मा दिइएको मुख्य कारोबारको परिभाषाअनुसार आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनका आधारमा उक्त आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्वको रकम र उक्त आर्थिक वर्षको सदस्यतर्फको खरिद वा विक्री कारोबारको रकम जोडी हुने जम्मा रकममा बचत दायित्वको रकम तीस प्रतिशतभन्दा बढी रहेको भए २०७७ साल असोज मसान्तसम्ममा बचत दायित्वको रकम आर्थिक वर्ष २०७६/७७ को सदस्यतर्फको खरिद वा विक्री कारोबारसमेत गर्दा हुने रकमको तीस प्रतिशत कायम गराउन यथाशीघ्र कार्ययोजना बनाएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ । स्थानीय तह वा प्रदेश सरकारमा अभिलेख हस्तान्तरण भइसकेका सहकारी संस्थाहरूले कार्ययोजनाको प्रति सम्बन्धित स्थानीय तह वा प्रदेशको सहकारी मन्त्रालयमा र विभागको नियमन क्षेत्राधिकारभित्र परेका सहकारी संस्थाहरूले सहकारी विभागमा पेस गर्नुपर्नेछ ।




**सहकारी विभाग**

## २. कोभिड १९ ले सहकारी क्षेत्रमा पारेको प्रभावः एक अध्ययन

कोभिड १९ को महामारीले सम्पुर्ण विश्व अर्थ व्यवस्था नै नराम्रो संग प्रभावित भएको तथ्य सर्वविदितै छ । नेपाल पनि यो महामारीको चपेटाबाट मुक्त हुन नसक्दा यसको असर प्रत्येक नागरिकको शारीरिक एवम् मानसिक स्वास्थ्यको साथै आर्थिक सामाजिक व्यवहारमा समेत नकारात्मक प्रभाव परेको परिप्रेक्ष्यमा सहकारी क्षेत्रमा परेको प्रभावका बारेमा सहकारी विभागले एक अध्ययन गरेको छ ।

**अध्ययनको उद्देश्य**

कोभिड–१९ ले समग्र सहकारी क्षेत्रमा पारेको प्रभावको सारभूत रूपमा विश्लेषण गर्नु प्रस्तुत अध्ययनको मुलभूत उद्देश्य भएतापनि संक्षिप्त रूपमा हेर्दा यसको उद्देश्यहरु निम्न छन्ः–

- बन्दाबन्दीको अवस्था अघि र पछि अर्थात् २०७६ चैत्र १० र २०७७ ज्येष्ठ मसान्तविचको वित्तीय अवस्थाको विवेचना गर्नु
- यस अवधिमा सहकारी संस्थाको बचत जम्मा, ऋण लगानी र तरलतामा परेको प्रभावको संक्षित विश्लेषण गर्नु,
- संस्थाले लिनुपर्ने तथा दिनुपर्ने दायित्व, संस्थाको सञ्चालन नाफा लगायत कूल संम्पति र दायित्वमा परेको असरको मूल्याङ्कन गर्नु,
- बचत तथा ऋण लगायत अन्य विषयगत सहकारी संस्था तथा बहुप्रकृतिको कारोबारमा पारेको असरको बारेमा समेत विश्लेषण गर्नु र
- नीतिगत निर्णयको लागि पृष्ठपोषण उपलब्ध गराउनु ।

**अध्ययनको तरिका**

सहकारी क्षेत्रमा कोरोना संक्रमणले पारेको प्रभावको तुलनात्मक विवरणसहितको प्रतिववेदन तयार गर्नका लागि बन्दाबन्दी भन्दा अगाडि र पछाडिको २ समय अवधिलाई मूल्याङ्कनको आधारमिति मानी विभागका शाखा अधिकृतकहरूको नेतृत्वमा विभिन्न ६ वटा टोली गठन गरिएको थियो । बचत ऋणको मुख्य कारोबार गर्ने १ वटा केन्द्रीय संघ र सहकारी बैंक –१ तथा दैवी छनौटका आधारमा सातै प्रदेशका विभिन्न भूगोल र किसिमको आधारमा लिइएका २८ प्रारम्भिक सहकारी संस्थाहरूबाट जम्मा ३० वटा सहकारी संस्थाहरुको ६ वटा टोलीले उपलब्ध गराएको विवरणको आधारमा यो अध्ययन गरिएको हो ।

**नतिजा, विश्लेषण तथा विवेचना**

केन्द्रीय संघ २, बचत तथा ऋणको कारोवार गर्नेगरी स्थापना भएका बचत तथा ऋण सहकारी संस्थाहरु १७, बहुप्रकृतिका कारोवार गर्ने गरी स्थापना भएका बहुउद्देशीय

सहकारी संस्थाहरू ९ एवं कृषि र दुग्धको मुख्य कारोवार गर्ने गरी स्थापना भएका विषयगत प्रारम्भिक संस्था समेत गरी जम्मा ३० वटा सहकारी संघ तथा संस्था छनौट गरी ४ समूहमा विभाजन गरेर अलग अलग रुपमा विश्लेषण तथा विवेचना गरिएको छ। संस्थाहरूबाट प्राप्त भएका तथ्याङ्कहरूलाई समूहगत रुपमा विश्लेषण गरी निचोड निकाल्ने प्रयास गरिएको छ।

**क. केन्द्रीय संघतर्फ**

- समग्रमा यो समूहतर्फ तरलता ८ % ले र कूल सम्पत्ति झण्डै १३ % ले बढेको देखिन्छ। त्यसैगरी जम्मा बचत करिब १५ % ले बढेको पाइए पनि ऋण तथा बचतको अनुपात भने १०% ले घटेको देखिन्छ। जम्मा ऋण लगानीमा पनि करिब ३ % ले संकुचन आएको देखियो।
- यसरी दुवै संस्थाको बचत बढ्नुको मुख्य कारण बन्दाबन्दीले लगानीका अवसरलाई खुम्च्याएको हो भन्न सकिन्छ जसको कारण तरलता समेत बढ्न गएको छ।

**ख. बचत तथा ऋण सहकारी संस्थातर्फ**

- यस अबधिमा यो समूहका धेरै संस्थाहरूको तरल सम्पत्ति र तरलता प्रतिशत दुबै घटेकाले लगानी संभावना कम भएको मान्न सकिन्छ, तथापि सदस्यहरूको आवश्कयतानुसार ऋण लगानीलाई निरन्तरता दिई त्यस तर्फको कारोवार बढाउन नवजीवन सहकारी संस्था लि. कैलाली र जनउत्थान बचत तथा ऋण सहकारी संस्था ली. भैरहवा सफल भएको देखिएकाले संस्था समुदायमा आधारित भएमा कस्तै विपतमा पनि सहजरुपमा सञ्चालन हुन सक्ने देखिन्छ।
- यो समूहका १७ मध्ये १२ संस्थाको कूल सम्पत्ति र १५ संस्थाको बचत संकलन बढेकै देखिएकाले कुनै न कुनै रुपमा कारोवार भएकै मान्न सकिन्छ।
- नवलपरासीस्थित किसान बचत तथा ऋण सहकारी संस्थाले बढेको बचत संकलनलाई बाह्य ऋण तिरेर वित्तीय प्रणाली व्यवस्थित गरेको कार्यलाई सराहना गर्न सकिन्छ।
- समग्रमा यो समूहको जम्मा बचत रकम १.६% र तरलता १ % ले वृद्धि भएको पाइयो। बचत र तरलता बढ्दाबढ्दै पनि ऋण लगानीमा करिव २.८ % घटेको हुनाले बचत र ऋणको अनुपात करिव ४ % ले घटेको पाइयो। समग्रमा कूल सम्पति ०.५४% ले घटेको देखिएकाले बन्दाबन्दीले समग्रतामा वित्तीय कारोवारमा संकुचन आएको मान्न सकिन्छ। यसले केही हदसम्म राज्यको उत्पादन र सेवा क्षेत्रमा असर पारी पूँजी परिचालनमा पनि नकरात्मक प्रभाव पारेको संकेत गर्दछ।

ग. **बहुउद्देशीय सहकारी संस्थातर्फ**

- बहुप्रकृतिको कारोवार गर्नेगरी स्थापना भएका बहुउद्येशीय संस्थाहरूको बचत ऋणात्मक नै देखिएको,
- केही संस्थाहरूले बहुप्रकृतिको कारोवारसमेत गरेको देखिएता पनि त्यसको हिस्सा बचत तथा ऋणको कारोवारको तुलनामा धेरै कम छ।
- ४ वटा संस्थाको बचत बढेको देखिएता पनि सबै ९ वटै संस्थाको लगानी घटेको देखिएकाले यो अवधिमा लगानीका अवसर खुम्चिएको मान्न सकिन्छ।
- ऋण लगानीको अवसर र परिमाण घटिरहंदा पनि तरलता कम देखाएका सहकारी संस्थाको रकमको प्रयोग के कसरी कहाँ भएको हो त्यसतर्फ नियामक निकायले थप जाँचपड्ताल  तथा अनुगमन गर्नुपर्ने देखिन्छ।
- लकडाउनको अवधिमा पनि कतिपय संस्थाहरूको कूल सम्पत्ति बढेको पाइएकाले कुनै न कुनै रुपमा कारोवार भएकै देखिन्छ। नेपाल बहुउद्देशीय संस्थाको कूल सम्पत्ति ४ गुणासम्म बढेको देखिएकाले बहुप्रकृतिको कारोवारले निरन्तरता पाएको देखिन्छ जुन सकारात्मक विषय पनि हो।
- समग्रतामा यस अवधिमा कूल सम्पत्तिमा ०.५ % र तरलतामा १ प्रतिशतले बढोत्तरी भएको देखिन्छ । ऋण तथा बचत अनुपात २ % ले घटेको भएतापनि जम्मा बचत संकलन भने करिब १.५ प्रतिशतले बढेको देखिन्छ ।
- बन्दाबन्दिको कारणले लगानीका अवसर बढ्न नसकेकै कारणले होला लगानीमा भने १.६४ प्रतिशतले कमी आएको देखिन्छ ।

घ. **कृषि तथा दुग्धतर्फ**

- यो समुह तर्फको एउटा सहकारीको अध्धयन गर्दा वित्तीय कारोवारमा केही उतार चढाव देखिए पनि मुख्य कारोवार (दुग्ध पदार्थ) मा भने बन्दाबन्दीले कुनै असर गरेको देखिएन। दुग्ध संकलन अर्थात खरिद र बिक्री दुवै कारोवार बढेको पाइयो । दुग्ध पदार्थको खरिद (परिमाणगत) २३ % ले र बिक्री २४.९% ले बढेको देखिन्छ। त्यसैगरी मूल्यगत रुपमा हेर्दा खरिद २३.६ प्रतिशतले बढ्दा बिक्री २५.३% ले बढेको देखिन्छ।
- उपरोक्त कारोवारको विवरणले यो कुरा प्रष्ट पार्दछ की यदि संस्था सदस्य केन्द्रित भई व्यवस्थापकीय पक्षलाई समेत ध्यान दिई सञ्चालन गरेमा कुनै प्रकारका अवरोधले पनि छेक्न सक्दैन।

समग्रतामा चारवटै समूहको सालाखाला रुपमा (simple average) वित्तीय विवरण हेर्दा कूल बचत संकलन ८.६३% र तरलता २.७५% ले बढेको देखिन्छ। त्यसैगरी कूल सम्पत्ति पनि ४ % भन्दा बढीले वृद्धि भएतापनि ऋण लगानीमा झण्डै

२% ले कमी आएको देखिन्छ । यसको परिणाम ऋण बचतको अनुपात १.००: ०.७५ अर्थात ७५% मात्र देखिन आयो ।

**सुझावहरु**

प्राथमिक डाटाको प्रयोग गरी सहकारीकर्मी र सदस्यहरूसँगको छलफल र अन्तरवार्ता समेत लिई ठूलो sample size मा विश्लेषण गर्न पाएको भए अझ यथार्थपरक नतिजा आउन सक्ने कुरालाई नकार्न सकिंदैन । माथिको विश्लेषणको आधारमा आगामी दिनमा आउन सक्ने यस प्रकारका विपत्तिबाट व्यक्ति (सदस्य) र संस्थालाई जोगाउन केही सुझावहरू प्रस्तुत गरिएको छ :

- समग्रमा हेर्दा लगानीको अवस्था बन्दाबन्दीको अवधिमा केही खुम्चिएको र यसले पूँजी परिचालन तथा रोजगारीमा समेत प्रतिकूल प्रभाव पार्ने र परेको समेत बुझिएकाले राज्यको तर्फबाट समग्र अर्थव्यवस्थाको नीतिगत निर्णय हुँदा वा कुनै आदेश जारी हुँदा सहकारी क्षेत्रलाई समेत समेट्नु पर्ने,
- बन्दाबन्दीले स्वदेश तथा विदेशमा रहेका धेरै उर्जाशील जनशक्ति बेरोजगार बनेकाले सहकारीलाई उत्पदनसँग जोड्नेगरी राज्यको तर्फबाट विशेष निर्णय गर्नुपर्ने,
- बन्दाबन्दीजस्ता अर्थव्यवस्थालाई शिथिल बनाउने अप्रत्यासित घटनाहरूबाट बचत ऋणभन्दा पनि उत्पादन र उपभोगसँग सम्बन्धित संस्थाहरू बच्न सफल देखिएकाले राज्यको तर्फबाट सहज वितरण श्रृंखला तयार गरिदिनु पर्ने,
- सहकारी मूल्य मान्यता र सिद्दान्तमा खरो उत्रेका सदस्य केन्द्रित भई समुदायमा आधारित संस्थाहरू त्यति प्रभावित भएको नदेखिएकाले त्यो भन्दा फरक किसिमका संस्थाहरूमा तरलताको अभाव हुने, ऋण असुलीमा समस्या देखिन सक्ने भएकाले नियामक निकायहरूले सुक्ष्म रूपले अनुगमनलाई निरन्तरता दिनुपर्ने,
- विशेषगरी काठमाण्डौं उपत्यकभित्र रहेका बचत ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरू बन्दाबन्दीले बढी प्रभावित भएको बुझिन्छ । सहकारी ऐनमा भएको व्यवस्थाका अतिरिक्त अलगै राष्ट्रियस्तरमा जोखिम तथा तरलता व्यवस्थापन कोषको खाँचो देखिन्छ । यसको लागि प्रदेशस्तर र स्थानीय तहमा पनि राख्ने प्रबन्ध हुनुपर्ने देखिन्छ ।
- बन्दाबन्दी लगायतका कारणले घाटामा गएकाले स्थानीय तहमा रहेका कतिपय बाणिज्य बैंकका शाखाहरू हटाउन अनुरोध भएका समाचार आइरहेको

सन्दर्भमा नेपाल सरकारले आवश्यक कानूनी तथा नीतिगत निर्णय गरी सहकारी संस्थाहरूलाई प्रवर्द्धन गर्न सकिन्छ ।

- सरकारलाई सञ्चालन खर्चको कमी भइरहेको वर्तमान अवस्थामा सहकारी क्षेत्रमा उपयुक्त लगानीको अवसर नभई थुप्रिएको बचत संकलनलाई आन्तरिक ऋणको नयाँ श्रोतको रुपमा उपयोग गर्न सकिने सम्भावना पनि देखिन्छ ।

**निचोड**

बन्दाबन्दीको कारणले लगानीको वातावरण विग्रेको, निर्माण क्षेत्र लगायत सेवाको क्षेत्र पनि सुस्ताएको र आयात निर्यातमा पनि कमी आएको हुँदा समग्र आपूर्ति सञ्जालमा प्रतिकूल प्रभाव परेको अवस्थामा पुरानो ऋण फिर्ता भएको र तुलनात्मक रुपमा बढी ब्याजको आशाले सहकारीमा बचत रकम बढेको आकलन गर्न सकिन्छ र यसको प्रभावकारी परिचालन अहिलेको टड्कारो आवश्यकता देखिन्छ । विशेष गरी शहरी क्षेत्रमा वचत तथा ऋण को कारोबार गर्ने सहकारीहरुलाई कोभिडको महामारीले केही प्रभाव पारेको देखिन्छ र भविश्यमा समेत राष्ट्रिय विपत्तीको दौरान राष्ट्रियस्तरमा जोखिम तथा तरलता व्यवस्थापन कोषको खाँचो देखिन्छ  र प्रदेशस्तर तथा स्थानीय तहमा समेत यस्तो कोषको प्रबन्ध हुनुपर्ने देखिन्छ ।

## ३. ऐन कानुन सम्बन्धी गतिविधि

सहकारी प्रशासनलाई अझ बढी चुस्त, दुरुस्त, जनमुखी एवम परिणाममुखी बनाउनका साथै समयक्रम संगै शासन प्रणालीमा आएका परिवर्तनहरुलाई सहकारी क्षेत्रमा पनि आत्मसाथ गरी समय सापेक्ष बनाउन सहकारी विभागले कानुन संग सम्बन्धित देहाय बमोजिमका विभिन्न गतिविधिहरु सम्पन्न गरेको छः

- सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी संघसंस्थालाई जारी निर्देशन, २०७४ (दोस्रो संशोधन)
- सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७७ मन्त्रालयबाट जारी ।
- बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण,निरीक्षण तथा अनुगमन निर्देशिका, (पहिलो संसोधन) २०७७ मन्त्रालयबाट स्वीकृत भई मन्त्रालयबाट जारी ।
- सहकारी संस्थाको एकिकरण तथा विभाजन सम्बन्धी कार्यविधी २०७७ मन्त्रालयबाट जारी ।

- सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७७ छलफल सम्पन्न भई मन्त्रालयमा पेश ।
- गरिबी निवारण कोषद्वारा प्रवर्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थाको रुपमा दर्ता तथा संचालन सम्बन्धी कार्यविधि, २०७७ छलफल सम्पन्न भई मन्त्रालयमा पेश
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०७७ छलफल सम्पन्न भई मन्त्रालयमा पेश
- सहकारी संस्थाको वर्गीकरण तथा विषय परिवर्तन सम्बन्धी निर्देशिका, २०७७ छलफल सम्पन्न भई मन्त्रालयमा पेश
- सहकारी संस्थाको कार्यक्षेत्र निर्धारण, विस्तारतथा पुनर्निर्धारण निर्देशिका, २०७७ छलफल सम्पन्न भई मन्त्रालयमा पेश
- सहकारी संस्थाको कोष सञ्चालन निर्देशिका, २०७७ छलफल सम्पन्न भई मन्त्रालयमा पेश
- अन्तर सहकारी कारोबार निर्देशिका, २०७७

## ४. अनुगमन, नियमन तथा निर्देशनः

सहकारी विभागको प्रमुख काम सहकारी संघ संस्थाहरुको नियमन तथा अनुगमन हो र सहकारी विभागले यस कामलाई मुख्य प्रथमिकता दिएको छ। यस आ.ब. २०७७/७८ को शुरुवात देखी हालसम्ममा विभागले अनुगमन, नियमन संग सम्बन्धित देहाय बमोजिमका गतिविधिहरु सम्पन्न गरेको छ :

- मिति २०७७।०६।०९गते अनुगमन कार्यविधि तथा सदस्य केन्द्रीयता सूचकांक सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न
- गत आ.व. मा अनुगमन सम्पन्न भएका उपत्यका बाहिरका ६ वटा तथा उपत्यका भित्रका ६ वटा सहकारी संस्थाहरुलाई अनुगमनमा देखिएका कैफियतहरुका सम्बन्धमा छलफल तथा निर्देशन दिने कार्य सम्पन्न
- चालु आर्थिक वर्षको पहिलो चौमासिकका लागि १५ वटा संस्था छनौट भई अनुगमन कार्य भई रहेको
- गत आर्थिक वर्षमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनको परिपालनाका सम्बन्धमा अनुगमन गरिएका २२ वटा सहकारी संस्थाहरुलाई निर्देशन दिने कार्य सम्पन्न
- चालु आर्थिक वर्षको पहिलो चौमासिकका लागि १५ वटा संस्था छनौट भई

सम्पत्ति शुद्धीकरण सम्बन्धी कानुन परिपालनाको सम्बन्धमा अनुगमन भईरहेको

- **अनुदान प्राप्त सहकारी आयोजनाको अनुगमनः**
  सहकारी विभागले विगतमा प्रदान गरेको अनुदानको प्रभावाकरिता सम्बन्धमा अनुदान प्राप्त संघ/संस्थाहरुको अनुगमन गर्ने गरेको छ । यस आ.ब. २०७७/७८ को शुरुवात देखी हालसम्म पनि उक्त कार्यलाई निरन्तरता दिइएको छ ।
- **सदस्य केन्द्रीयता मापन अनुगमनः**
  सहकारी संस्थामा सुशासन कायम गर्नका लागि विभिन्न मापदण्ड एवं सुचकाङ्कहरू समेटेर सहकारिताको मर्ममा आधारित सहकारी विभागको नवप्रवर्तन सदस्य केन्द्रीयताको मापन हो । यो सुचकांक प्रणाली महासंघ तथा विषयगत संघहरुको सहमतिमा तयार भएको हो । यसले संस्थामा आफ्नो अंशको यथार्थ चित्रण, सहकारी गतिविधिमा सदस्यहरूको कृयाशीलता र संस्थाको मूल व्यवसायमा सदस्यको संलग्नताको आधारमा सहकारीको स्थितिको मापन गर्दछ। यसमा संस्थापकीय सरोकार, सञ्चालकीय सक्रियता र संरक्षकीय संबन्धनको आधारमा संस्थाको सदस्य केन्द्रियता मापन पर्दछन् । यस आ.ब. २०७७/७८ को शुरुवात देखी हालसम्ममा पनि विभिन्न सहकारी संघसंस्थाको सदस्य केद्रियताको मापन अनुगमन गरिएको छ । पहिलो चौमासिक अवधिमा विभिन्न १५ वटा संस्थाहरु छनौट भई सदस्य केन्द्रीयताको मापन भईरहेको ।
- **सहकारी संस्थाहरुको सघन अनुगमन, प्रतिवेदन, छलफल र निर्देशन :**
  सहकारी विभागले सहकारी संस्थाहरुको सघन अनुगमन सम्पन्न गरेपछि प्राप्त प्रतिवेदन माथि छलफल र निर्देशन गर्ने गर्छ । यस आ.ब. २०७७/७८ को शुरुवात देखी हालसम्ममा विभिन्न सहकारी संस्थाहरुको सघन अनुगमन, प्रतिवेदन, छलफल र निर्देशन सम्पन्न गरेको छ ।
- **सघन अनुगमन निर्देशन कार्यान्वयनको प्रभाव अनुगमन**
  सहकारी विभागबाट सहकारी संस्थाहरुको सघन अनुगमनको निर्देशन के कति पालना भएको छ भन्ने विषयमा अनुगमन गर्दछ । यस आ.ब. २०७७/७८ को शुरुवात देखी हालसम्ममा विभिन्न सहकारी संस्थाहरुको सघन अनुगमन निर्देशन कार्यान्वयनको प्रभाव अनुगमन गरेको छ ।
- सहकारी संस्थाहरुबाट सम्पत्ति शुद्धीकरण निवारण कानूनको पालना अनुगमनः
  सहकारी विभागले सहकारी संस्थाहरुले सम्पत्ति शुद्धीकरण निवारण कानूनको पालना गरे नगरेको कामको समेत अनुगमन गर्दछ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालयले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी

संघसंस्थालाई जारी गरिएको निर्देशनको (पहिलो र दोश्रो संसोधन), २०७७ संसोधन गरेको छ। उक्त कार्यविधीको पालनाको अवस्था सम्बन्धमा विभागले यस आ.ब. २०७७/७८ को शुरुवात देखी हालसम्ममा विभिन्न सहकारी संघसंस्थाको अनुगमन सम्पन्न गरेको छ।

## ५. कोपोमिस सम्बन्धी गतिविधि

- सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS) लागु भएको छ। यसमा सहकारी संघरसंस्थाको आबद्धताको मात्रा बढिरहेको छ।
- Update, Maintenance, Up-grading and support कार्यका लागि चालु आर्थिक वर्षमा सेवा प्रदायक संस्था छनौट भई कार्य अघी बढेको।
- Verification, Digitization & Data Entry of Cooperatives Information and Records in Cooperative तथा Poverty Related Management Information System (COPOMIS) कार्यका लागि खरीद प्रकृया अन्तीम चरणमा पुगेको।
- कोपोमिस प्रणालीलाई प्रभाकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा कार्यान्वयन समितिको बैठक १२ पटक सम्पन्न भएको।
- दैनिक रुपमा सहकारीको वित्तिय सूचना विश्लेषण, निर्देशनको लागि चालु आ.ब. मा COPOMIS कार्यान्वयन मुख्य प्रथमिकतामा रहेको छ।
- तथ्याङ्क Update गर्ने कार्यको सुरुवात भएको छ।
- स्थानीय तहका पालीकाहरुलाई COPOMIS पासवर्ड वितरण कार्यको निरन्तरता भई आएको।
- COPOMIS प्रयोगकर्ता सहकारी, नियामक निकायलाई सूचना प्रणाली COPOMIS नियमित सपोर्ट कार्य हुँदै आएको।

## ६. सहकारी संस्थाहरुलाई अनुदान

अनुदान प्रणालीलाई व्यवस्थित गर्न मिति २०७३।०९।२७ गते नेपाल सरकार मन्त्रिपरिषदबाट सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ जारी गरिएको थियो र सोही निर्देशिका बमोजिम यस विभागबाट कार्यक्रम अनुदान, बीउ पुँजी अनुदान र पुँजीगत अनुदान निर्देशक समितिको निर्णय अनुसार वितरण गर्ने गरिन्छ।

उक्त निर्देशिका जारी भएपछि यसलाई तुरुन्त कार्यान्वयनमा ल्याई हालसम्म कुल जम्मा ५६ वटा संस्थाहरुलाई पूँजीगत अनुदान स्वीकृत गरिएको पाइन्छ। अनुदान

उपलब्ध गराउँदा सूचना प्रकाशन गर्ने, दरखास्त पेश गर्ने, प्रारम्भिक छानविन गर्ने, तालुक मन्त्रालय, कृषि तथा पशुपंन्छी विकास मन्त्रालय, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ लगायतका निकायका प्रतिनिधिहरु रहेको मूल्याङ्कन समितिले विभिन्न आधारमा मूल्याङ्कन गरी अङ्क तोकेर नै सिफारिश गर्ने गर्दछ। मन्त्रालयका सचिवको संयोजकत्व र अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्डसहितका प्रतिनिधिहरु सदस्य रहेको निर्देशन समितिले प्रस्तावको स्वीकृत गर्ने गर्दछ । उल्लिखित प्रक्रियाहरु पूरा गरेपछि मात्र सहकारी संस्थाहरुले अनुदान सुविधा प्राप्त गर्दछन् । बचत तथा ऋृणको मुख्य कारोबार गर्ने संस्थाले बीउपुँजी अनुदान र पुँजीगत अनुदान प्राप्त गर्न सक्दैनन् ।

## कार्यक्रम अनुदान

विभागबाट प्रदान गरिने कार्यक्रम अनुदान राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय विषयगत संघ, जिल्ला सहकारी संघ तथा जिल्ला विषयगत संघहरुलाई प्रदान गर्ने गरिएको पाइन्छ। २०७३ सालदेखि हेर्दा एकै वर्षमा सबैभन्दा बढी ७५ लाख सम्मको कार्यक्रम अनुदान नेपाल बचत तथा ऋण केन्द्रीय संघलाई प्रदान गरिएको पाइन्छ भने राष्ट्रिय सहकारी महासंघ र विषयगत केन्द्रीय तथा जिल्ला संघले प्राप्त गरेको एकमुष्ट अनुदान रकम निम्नानुसार रहेको देखिन्छ।

| आर्थिक वर्ष | विनियोजित बजेट रु. | राष्ट्रिय सहकारी महासंघलाई अनुदान रु. | विषयगत केन्द्रीय तथा जिल्ला संघहरुलाई अनुदान रु. |
|---|---|---|---|
| २०७३।७४ | ७५ लाख | २५ लाख | ५० लाख |
| २०७४।७५ | १ करोड ३५ लाख | ४० लाख | ९५ लाख |
| २०७५।७६ | २ करोड २५ लाख | ५० लाख | १ करोड ७५ लाख |
| २०७६।७७ | १ करोड ४७ लाख | ५० लाख | ९७ लाख |
| कुल जम्मा | ५ करोड ८२ लाख | १ करोड ६५ लाख | ४ करोड १७ लाख |

चालु आर्थिक वर्ष २०७७।०७८ मा कार्यक्रम अनुदानका लागि रु. एक करोड मात्र विनियोजन भएको छ । यस सम्बन्धी सूचना प्रकाशन भई प्रस्तावहरु प्राप्त भइसकेका छन् । प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन गरी मूल्याङ्कन समितिले मूल्याङ्कन गरिरहेको छ।

## बीउ पूँजी अनुदान

विभागवाट पहिलो पटक २०७६ सालमा ९ वटा श्रमिक सहकारी संस्थाहरुलाई वीउ पूजी अनुदान उपलब्ध गराइएको थियो । बीउ पूँजी अनुदान रोजगार पाउने संस्थाका आधारमा अधिकतम सात लाख पचास हजार र महिलाबाट मात्र सञ्चालित सहकारी संस्थालाई अधिकतम सीमा जम्मा नौ लाख ननाघ्ने गरी अनुदान उपलब्ध गराउन सकिने ब्यवस्था रहेको छ । ९ वटा संस्थाहरु सिफारिस भई निर्देशन समितिबाट छनौट भएको भए पनि हालसम्म आठ वटा सहकारीहरुले पहिलो र दोस्रो किस्ता बापतको रकम मात्र प्राप्त गरेका छन् । ती सबै संस्थाहरुले हालसम्म कुल जम्मा रु ४८ लाख मात्र निकासा प्राप्त गरेको देखिन्छ ।

## पूँजीगत अनुदान

२०७३ को निर्देशिका जारी भएपछि  निर्देशक समितिबाट हालसम्म कुल जम्मा ५६ वटा संस्थालाई रु.२८ करोड ८४ लाख २१ हजार पूँजीगत अनुदान स्वीकृत भएकोमा संस्थाहरुले रु ११ करोड १ लाख ३० हजार २८९ मात्र निकासा प्राप्त गरेका छन् र हालसम्मको बाँकी दायित्व रु. १७ करोड ८२ लाख ९० हजार ७११  रहेको पाइन्छ। विनियोजित रकम ८ करोड ५० लाख मात्र रहेकको र बाकी दायित्व सो भन्दा बढी भएकोले यस आ व मा पूँजीगत अनुदानको सूचना प्रकाशित गरिएको छैन । अन्य मन्त्रालय, विभाग वा निकायबाट पनि सहकारी संस्थाहरुले छुट, सविधा, अनुदान, ऋण पाउने भए पनि सहकारी विभागबाट पाउने अनुदानको हिस्सा तुलनात्मक रुपमा निकै कम रहेको देखिन्छ  ।

सहकारी विभागले यस अवधिमा चार वटा सहकारी संस्थाहरुलाई  पूँजीगत अनुदानको अन्तिम किस्ता निकासा गरेको छ। कोभिड १९ को विश्वव्यापी महामारीको असर अनुदान प्राप्त सहकारीको कार्यप्रगति र अनुगमनमा पनि परेको विषम परि स्थितिलाई मध्यनजर गरी निर्देशक समितिको मिति २०७७/०३/१२ को निर्णयानुसार आठ वटा श्रमिक सहकारीलाई बीउ पूँजी अनुदान र चितवन शीत भण्डारसहितका अन्य चार  वटा  सहकारी संस्थाहरुलाई पूँजीगत अनुदानको दोस्रो किस्ता उपलब्ध गराएको थियो ।

चालु आर्थिक वर्ष २०७७।०७८ मा पनि यस सहकारी प्रवर्धन शाखाले अनुदान प्राप्त दश वटा प्रारम्भिक सहकारी संस्थाहरुको स्थलगत अनुगमन सम्पन्न गरिसकेको छ । यसै गरी निर्देशक समितिले गत वर्ष स्वीकृत गरेका ९ वटा संस्थाको पूँजीगत अनुदानका सम्बन्धमा सबै संस्थाहरुसँग सम्झौता भएको छ भने ७ वटा संस्थाहरुले आवश्यक प्रक्रिया पूरा गरी पहिलो किस्तासमेत निकासा लिइसकेका छन् ।

# दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरूलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था भएको बेहोरा विदितै छ ।

सहकारी ऐन, २०७४ मिति २०७४ साल कात्तिक १ गतेदेखि जारी भएकाले कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए २०७७ साल असोज मसान्तभित्रै आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नु हुन अनुरोध छ । सहकारी संस्थाहरूले पनि आफ्ना सदस्यहरूलाई अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ । अन्यथा कानुनबमोजिम कारबाही गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

**सहकारी विभाग**

## ७. सन्दर्भ व्याजदर घोषणा र लागु

पहिलो पटक सहकारी ऐन बमोजिम कर्जामा १६ प्रतिशतको अधिकतम सीमा कायम हुने गरी सन्दर्भ ब्याजदर घोषणा र लागु गरिएको छ। ऋण र वचतको ब्याजदरको अन्तर वढिमा ६ प्रतिशत नबढ्ने सन्दर्भ ब्याजदरको कार्यान्वयनको अवस्था सकारात्मक रहेको छ।

सन्दर्भ ब्याजदर निर्धारण तथा सिफारिस समितिको मिति २०७७/०६/०५ को निर्णय बमोजिम सहकारी ऐन, २०७४ को दफा ५१ र सहकारी नियमावली, २०७५ को नियम २३ मा तोकिएका आधार र सामान्य भार समेतका आधारमा मिति २०७ कार्तिक १५ गतेदेखि लागुहुने गरी सहकारी संस्थाहरुले **ऋण लगानीमा लिने अधिकतम् ब्याजदर १४.७५** प्रतिशतमा नबढ्ने गरी तथा बचत र ऋणको **ब्याजदरको अन्तर** ६ (छ) **प्रतिशत भन्दा** घटी रहने गरी सन्दर्भ ब्याजदर तोकिएको छ।

## ८. गोष्ठी, कार्यशाला तथा प्रशिक्षण

### अनुगमन कार्यविधि तथा सदस्य केन्द्रीयता सूचकांक सम्बन्धी अभिमुखीकरण कार्यक्रम

सहकारी सम्बन्धी कार्यविधि/निर्देशिका/मापदण्ड सम्बन्धी कर्मचारीलाई अभिमुखीकरण कार्य अन्तर्गत अनुगमन कार्यविधि तथा सदस्य केन्द्रीयता सूचकांक सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम मिति २०७७ असोज ९ गते सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रमा संचालन गरिएको थियो । उक्त कार्यक्रममा सघन अनुगमनमा खटिइने विभागका अधिकृतस्तर तथा सहायकस्तरका कर्मचारीका साथसाथै सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रका सवै प्रशिक्षकहरुलाई समेत बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको सघन अनुगमनका लागि जारी गरिएको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन निर्देशिका, २०७७ का मुख्य-मुख्य व्यवस्थाका बारेमा उपरजिष्ट्रारद्धय सुरेन्दराज पौडेल र चोमेन्द न्यौपानेले प्रस्तुत गर्नु भएको थियो । कार्यत्रमको पहिलो शत्रमा उपरजिष्ट्रार चोमेन्द न्यौपानेले अनुगमन सम्बन्धी पूर्व तयारी र पालना गर्नुपर्ने आचार संहिता.विषयक र उपरजिष्ट्रार सुरेन्द्रराज पौडेलले सघन अनुगमनमा प्रयोग हुने फारामहरुका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको समापन गर्दै विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले सघन अनुगमन खटिने कर्मचारीहरुलाई प्रभावकारी रुपमा अनुगमन कार्यमा खटिनका लागि निर्देशन समेत दिनु भएको थियो ।

## ९. सम्पत्ति शुद्धिकरण कानूनको परिपालना

सहकारी संघसस्थाको सम्पत्ति सुद्दिकरण निवारण सम्बन्धी कानून कार्यान्वयनको अवस्था सहकारी विभागले हेर्दछ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अनुरुप सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन (दोश्रो संसोधन),२०७७ सम्पन्न भएको छ । सहकारी विभागले Compliance officer तोकेर छुट्टै unit तोकी यसको नेतृत्व सहकारी विभागका उपरजिस्ट्रारलाई दिएको छ । हालसम्म दुईवटा सहकारी संस्थालाई यस सम्बन्धी कसुरमा नगद जरिवाना समेत गरिएको छ ।

## १०. गुनासो फर्छौटको अवस्था

यस आ.ब. २०७७/७८ को शुरुवात देखी हालसम्ममा विभिन्न व्यक्ति, निकाय तथा संस्थाबाट आएका उजुरी एवम गुनासाहरुको विवरण देहाय बमोजिम रहेको छः–

| मन्त्रालय/ कार्यालय | निकाय | गुनासो संख्या | फर्छौट | फर्छौट प्रतिशत |
|---|---|---|---|---|
| सहकारी विभाग | १. हेलो सरकारबाट प्राप्त | २ | २ | १०० |
| | २. अख्तियारबाट प्राप्त | ९ | ९ | १०० |
| | ३. सतर्कताकेन्द्रबाट प्राप्त | ० | ० | ० |
| | ४. व्यक्तिगत उजुरी/गुनासो (लिखित) | ३१ | ३१ | १०० |
| | ५. व्यक्तिगत उजुरी/गुनासो (मौखिक) | ४६ | ४३ | ९१.३० |
| कुल | | ८८ | ८५ | ९६.५९ |

# सहकारिता : के ? किन ? कसलाई ?

**के ?**

सहकारी संस्था– अर्कालाई सेवा दिएर आफूले पैसा कमाउने व्यवसाय होइन ।

दर्ता गरेर कसैको सहयोग माग्ने प्रयास होइन र

शुभचिन्तकहरू सदस्य बनिदिएर गर्न खोज्नेहरूलाई मद्दत दिने उपकारको प्रतीक पनि होइन ।

सहकारी संस्था त–

सदस्यहरूले आफैँलाई आवश्यक सेवाको बन्दोबस्त गर्ने व्यवसाय होस

सेवा लिने व्यक्तिलाई जहिलेसुकै सदस्यता दिने खुला सङ्गठन हो र

स्वावलम्बनको पारस्परिक अभ्यास गर्ने संरचना हो ।

**किन ?**

आफ्नो आर्थिक, सामाजिक, साँस्कृतिक उन्नति आफैँ गर्नस

सहभागितामूलक प्रक्रियाबाट आफ्नो व्यक्तित्व विकास एवं कृतित्व विस्तार गर्न र

शोषणविहीन आर्थिक सम्बन्धनहरू स्थापना गरी प्रकृति–मैत्री जीवन शैलीको संस्कृति बसाल्न ।

**कसलाई ?**

आफैँ उत्पादन गर्ने प्राथमिक उत्पादकहरूलाई

वस्तु वा सेवाका आम उपभोक्ताहरूलाई र

स्वरोजगारीको उद्योगधन्दा चलाउने वास्तविक श्रमजीवीहरूलाई ।

सहकारी विभाग

## ११.सहकारी विभागबाट एकिकरण भएका सहकारी संघसंस्थाहरुको

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभागले पछिल्लो समय सहकारीको एकीकरणलाई प्रथमिकता दिएको छ। हालसम्म सहकारी एकीकरण सम्बन्धी ४७ निर्णय भएका छन्। यसवाट १०४ सहकारी संस्थाहरु मिली ४७ वटा कायम भएका छन्। यसबाट सहकारी संस्थाहरुको संख्या न्यूनीकरण भई नियमन प्रभावकारी हुने तथा उत्पादन र उत्पादकत्व बढ्ने देखिन्छ।

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोलिय बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही र देवदह बचत तथा ऋण सहकारी संस्थ लि. रुपन्देही | श्री कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि रुपन्देही। | २०७५।१२।२० | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| २. | गतिशिल बचत तथा ऋण सहकारी संस्था लि. चितवन र स्याउलीबजार बचत तथा ऋण सहकारी संस्था लि. चितवन | श्री एकीकृत चितवन बचत तथा ऋण सहकारी संस्था लि. चितवन। | २०७६।०३।११ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| ३. | संगम बचत तथा ऋण सहकारी संस्था लि. पाल्पा र मदनपोखरा बहुउदेश्यीय सहकारी संस्था लि. पाल्पा | श्री मदनपोखरा संगम बहुउदेश्यीय सहकारी संस्था लि. पाल्पा। | २०७६।०३।१६ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| ४. | मकवानपुर नमूना बचत तथा ऋण सहकारी संस्था लि. र प्रगति बचत तथा ऋण सहकारी संस्था लि. मकवानपुर | श्री मकवानपुर नमुना प्रगति बचत तथा ऋण सहकारी संस्था लि. मकवानपुर। | २०७६।०३।१९ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ५. | भविष्य निर्माण बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी र किसान बचत तथा ऋण सहकारी संस्था लि. नवपरासी | श्री किसान बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी । | २०७६।०३।२३ | सहकारी विभाग | २ वटा |
| ६. | सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं, साहासिक महिला बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौ र लिटिल बुद्ध बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं | श्री सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं । | २०७६।०४।२३ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | ३ वटा |
| ७. | प्रकृति कृषि सहकारी संस्था लि. इलाम र हाम्रो जुनतारा बचत तथा ऋण सहकारी संस्था लि. इलाम | श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि. इलाम । | २०७६।०५।०८ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ | २ वटा |
| ८. | गोधुली बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही र भूमे बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही | श्री गोधुली बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही । | २०७६।०५।२४ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| ९. | एफइसी बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही र धनकोष बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही | श्री एफइसी धनकोष बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही । | २०७६।०५।२४ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १०. | नवएकता बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी र नवजिवन बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी | श्री नवएकता बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी । | २०७६।०५।२५ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| ११. | विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. बर्दिया, खुटासा महिला कृषि सहकारी संस्था लि. बर्दिया, आर्शिवाद महिला कृषि सहकारी संस्था लि. बर्दिया र संगिनी महिला कृषि सहकारी संस्था लि. बर्दिया | श्री विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. बर्दिया । | २०७६।०६।०१ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | ४ वटा |
| १२. | दयालक्ष्मी कृषि सहकारी संस्था लि. ललितपुर र सिलादेवी कृषि सहकारी संस्था लि. भक्तपुर | श्री सिलादेवी कृषि सहकारी संस्था लि. भक्तपुर । | २०७६।०६।०१ | सहकारी विभाग | २ वटा |
| १३. | शुभप्रभात बचत तथा ऋण सहकारी संस्था लि.सिन्धुपाल्चोक र निरन्तर बचत तथा ऋण सहकारी संस्था लि. सिन्धुपाल्चोक | श्री शुभप्रभात तथा ऋण सहकारी संस्था लि. सिन्धुपाल्चोक । | २०७६।०६।१५ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| १४. | देवनारी विकास बचत तथा ऋण सहकारी संस्था लि., टुगा बचत तथा ऋण सहकारी संस्था लि. र आस्थाश्री बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देहि | श्री टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही । | २०७६।०६।२८ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | ३ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १५. | तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि. र मातृभूमि बचत तथा ऋण सहकारी संस्था लि दाङ | श्री तेजस्वी मातृभूमि बचत तथा ऋण सहकारी संस्था लि. दाङ । | २०७६।०७।०३ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| १६. | किसान बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी र किर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी | श्री किसान बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी | १०७६।०७।०५ | सहकारी विभाग | २ वटा |
| १७. | गंगाजल बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौ र व्यवस्थापन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौ | श्री गंगाजल बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं | २०७६।०७।०७ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| १८. | सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही र जय अम्बे बहुउदेश्यीय सहकारी संस्था लि. रुपन्देही | श्री सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही | २०७६।०७।२६ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| १९. | धनलाभ बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं र आकृति बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं | श्री आकृति बचत तथा ऋण सहकारी संस्था लि. | २०७६।०७।२७ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| २०. | हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. झापा र विकल्प उपभोक्ता सहकारी संस्था लि. झापा | श्री हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. झापा । | २०७६।०८।१० | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ | २ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| २१. | किसान बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी र सप्तरËL बचत तथा ऋण सहकारी संस्था लि. चितवन | श्री किसान बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी । | २०७६।०८।१० | सहकारी विभाग | २ वटा |
| २२. | मेची सहकारी संस्था लि. झापा, जाल्पादेवी बचत तथा ऋण सहकारी संस्था लि. झापा र जल उपभोक्ता सहकारी संस्था लि. मोरङ | श्री मेची सहकारी संस्था लि. झापा । | २०७६।०८।१२ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ | ३ वटा |
| २३. | श्री कुटो कोदालो कृषि सहकारी संस्था लि. ललितपुर र आकर्षक उपभोक्ता सहकारी संस्था लि. ललितपुर । | श्री आकर्षक उपभोक्ता कृषि सहकारी संस्था लि. ललितपुर । | २०७६।०८।१५ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| २४. | बर्दघाट बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी,<br>उज्जवल बचत तथा ऋण सहकारी संस्था लि., नवलपरासी र<br>बिशाल बहुउदेश्यीय सहकारी संस्था लि. नवलपरासी । | श्री विशाल बहुउदेश्यीय सहकारी संस्था लि. नवलपरासी । | २०७६।०८।२३ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | ३ वटा |
| २५. | जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही र पटाकसार बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही । | श्री जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही । | २०७६।०८।२८ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| २६. | सेवक बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर, हाम्रो थैली बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर र हाम्रो नमुना बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर । | श्री हाम्रो बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर । | २०७६।०८।३० | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | ३ वटा |
| २७. | चन्द्रोदय बहुउदेश्यीय सहकारी संस्था लि. नवलपरासी, जनकल्याण दुग्ध उत्पादक सहकारी संस्था लि. नवलपरासी र पुपाञ्जली महिला दुग्ध उत्पादक सहकारी संस्था लि. नवलपरासी । | श्री चन्द्रोदय बहुउदेश्यीय सहकारी संस्था लि. नवलपरासी । | २०७६।०९।०३ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | ३ वटा |
| २८. | कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही र तारापुञ्ज बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही | श्री कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. रुपन्देही । | २०७६।०९।०६ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| २९. | विकू बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी, नवजागरण बचत तथा ऋण सहकारी संस्था लि.नवलपरासी, गरिमा बचत तथा ऋण सहकारी संस्था लि.नवलपरासी र दियालो बचत तथा ऋण सहकारी संस्था लि. चितवन । | श्री विकू बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी । | २०७६।०९।०७ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | ४ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ३०. | दीप बचत तथा ऋण सहकारी संस्था लि. चितवन, गौरवमय बचत तथा ऋण सहकारी संस्था लि. चितवन र अभिबृद्धि बचत तथा ऋण सहकारी संस्था लि. चितवन | श्री दीपज्योति अभिवृद्धि बचत तथा ऋण सहकारी संस्था लि. चितवन । | २०७६।०९।०९ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | ३ वटा |
| ३१. | चिनारी बचत तथा ऋण सहकारी संस्था लि. चितवन र मालिका बचत तथा ऋण सहकारी संस्था लि. चितवन | श्री एकीकृत सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. चितवन | २०७६।०९।२१ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| ३२. | शुभ दर्शन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं र आकाश बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं । | श्री शुभ दर्शन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं । | २०७६।०९।२१ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| ३३. | माता नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं र रभुज्ञा बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं । | श्री माता नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं । | २०७६।०९।२१ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| ३४. | बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.काभ्रे, चाँदनी बचत तथा ऋण सहकारी संस्था लि. काभ्रे र जनमैत्री बचत तथा ऋण सहकारी संस्था लि. काभ्रे | श्री बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. काभ्रे | २०७६।०९।२५ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | ३ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ३५ | उर्जा बचत तथा ऋण सहकारी संस्था लि. काठमाठौं र विद्युतकर्मी बहुउदेश्यीय सहकारी संस्था लि. काठमाडौं | श्री विद्युतकर्मी बहुउदेश्यीय सहकारी संस्था लि. काठमाडौं । | २०७६।०९।२६ | सहकारी विभाग | २ वटा |
| ३६. | मातृभूमि बहुउदेश्यीय सहकारी संस्था लि. नवलपरासी र कोटियामाई दुग्ध उत्पादक सहकारी संस्था लि. नवलपरासी । | श्री मातृभूमि बहुउदेश्यीय सहकारी संस्था लि. नवलपरासी | २०७६।१०।०९ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| ३७. | विकु बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी र जनकल्याण बहुमुखी सहकारी संस्था लि. नवलपरासी । | श्री विकु बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी । | २०७६।१०।१० | सहकारी विभाग | २ वटा |
| ३८. | विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि. काभ्रे, सिर्जनशील बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं । | श्री विन्दवासिनी बचत तथा ऋण सहकारी संस्था लि. काभ्रे | २०७६।१०।१२ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| ३९. | किसान बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी, सप्तगण्डकी कृषि सहकारी संस्था लि. तनहुँ, सौहार्द बचत तथा ऋण सहकारी संस्था लि. चितवन र सहज स्वास्थ्य सहकारी संस्था लि. नवलपरासी । | श्री किसान बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी । | २०७६।१०।१३ | सहकारी विभाग | ४ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ४०. | महिला बचत तथा ऋण सहकारी संस्था लि. सुनसरी र सकारात्मक कृषि सहकारी संस्था लि. मोरङ | श्री महिला बचत तथा ऋण सहकारी संस्था लि. सुनसरी | २०७६।१०।१९ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ | २ वटा |
| ४१. | श्री सभ्य समाज कृषि सहकारी संस्था लि. झापा र सुनौलो इन्द्रेणी बचत तथा ऋण सहकारी संस्था लि. झापा | श्री सभ्य समाज बचत तथा ऋण सहकारी संस्था लि. झापा । | २०७६।१०।२७ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ | २ वटा |
| ४२. | ज्योति बहुउदेश्यीय सहकारी संस्था लि. काभ्रे र धन्यवाद बहुउदेश्यीय सहकारी संस्था लि. ललितपुर । | श्री ज्योति बहुउदेश्यीय सहकारी संस्था लि. काभ्रे | २०७६।१०।२८ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ वटा |
| ४३. | लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी र सुनवल बहुउदेश्यीय सहकारी संस्था लि. नवलपरासी | श्री लुम्बिनी सुनवल बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी | २०७६।१०।२८ | श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ | २ वटा |
| ४४ | शिखरदिप बहुउदेश्यीय सहकारी स.स्था लि. र शिवशिखर कृषि सहकारी संस्था लि. भक्तपुर | श्री शिव शिखर बहुउदेश्यीय सहकारी संस्था लि. भक्तपुर | २०७७।०४।०४ | सहकारी विभाग | २ वटा |

| क्र.स. | एकिरण भएका सहकारी संस्थाहरु | एकिकरण पछिको नाम | एकिकरण मिति | नियामक निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ४५ | विमिरे बहुउदेश्यीय सहकारी संस्था लि., लोकविन्दु बचत तथा ऋण सहकारी संस्था लि. र त्रिदेव बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर | श्री त्रिदेव बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर | २०७७।०४।१८ | श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | ३ वटा |
| ४६ | एसएनएस को अपरेटिभ सर्भिस लि. र सिल्भरभ्याली बचत तथा ऋण सहकारी संस्था लि. | श्री एसएनएस को-अपरेटिभ सर्भिस लि. काठमाडौं | २०७७।०६।०८ | सहकारी विभाग | २ वटा |
| ४७ | वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि., पन्चज्योति बचत तथा ऋण सहकारी संस्था लि., जनमैत्री बचत तथा ऋण सहकारी संस्था लि. र आफन्त ग्रामीण कृषि तथा पशुपालन सहकारी संस्था लि सुर्खेत | श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. सुर्खेत | २०७७।०६।२२ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशप्रदेश | ४ वटा |
| ४८ | शुभ बचत तथा ऋण सहकरी संस्था लि. र जनजागरण बचत तथा ऋण सहकारी संस्था लि. | श्री शुभ बचत तथा ऋण सहकारी संस्था लि. सुर्खेत | २०७७।०७।२४ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशप्रदेश | २ वटा |

## १२. अन्य नविन कार्यहरु

- सहकारी दर्पणको प्रकाशनको कार्यलाई पुनः निरन्तरता दिइएको ।
- संघीयताको कार्यान्वन सँगै रोकिएको सहकारी संघ(संस्थाको एकीकृत तथ्याङ्क संकलन भई प्रकाशन भएको ।
- सहकारी वुलेटिनको प्रकाशन सुरु गरीएको ।
- सहकारी विभागको परिसर सुधार गरी नमूना विभाग बनाउने काम सुरु भएको ।
- कार्यालयको भौतिक पुर्वाधार सबलीकरण एवम सुधारका कामहरु अगाडि बढाइएको।
- श्रमिक सहकारी प्रवर्द्धनको कार्य गरिएको ।
- सहकारी क्षेत्रमा कोभिड १९ ले परेको प्रभाव सम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गरिएको ।
- उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिमा सहकारी विभागका रजिस्ट्राको प्रतिनिधित्व रहेको छ ।यस समितिले सहकारी क्षेत्रको वित्तीय स्थायित्वका विभिन्न कार्यहरु गरेको छ ।
- नेपालको संविधान बमोजिम सहकारीको नियमन क्षेत्र बाँडीएपछि प्रदेश र स्थानीय तहमा सहकारीका अभिलेख हस्तान्तरण सकीएको । साविकका २ जिल्ला नवलपरासी र रुकुम विभाजन भएपछि स्वत विभाजन हुनु पर्ने अवस्था सिर्जना भएका जिल्ला संघको विभाजन सम्बन्धी कार्य सम्पन्न भएको ।
- आ.ब. २०७७/७८ को मौद्रिक नीति तथा कोभिड १९ को सामना सम्बन्धमा सहकारी संघसंस्थाको लागि मार्गदर्शन एवं निर्देशनहरु जारी गरीएको ।

### स्वल्प सन्देशको नमूना

क. सहकारिता = स्वावलम्बन = पारस्परिकता

ख. स्वतन्त्रताका लागि स्वावलम्बन
समुन्नतिका लागि पारस्परिकता
दुवैका लागि सहकारिता ।

ग. उत्पादनदेखि उपभोगसम्म
शोषणविहीन आर्थिक सम्बन्ध
सहकारी मन्त्र ।

सहकारी विभाग

## सम्पत्ति शुद्धिकरण निवारण निर्देशन बमोजिम गर्ने, गराउने सम्बन्धमा सहकारी संघ/संस्थाहरुलाई सहकारी विभागको सूचना

सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस विभागबाट २०७४ साल माघ १५ गते सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि सहकारी संघसंस्थालाई निर्देशन जारी गरिएको व्यहोरा विदितै छ । उक्त निर्देशन विभागको वेभसाइट www.deoc.gov.np बाट समेत प्राप्त गर्न सकिन्छ । तदनुसार सहकारी संस्था, संघ र बैंकले अविलम्ब देहायका व्यवस्था मिलाउनु हुन सुचित गरिन्छ ।

१) ऐनको दफा ७ क. बमोजिम तथा निर्देशनको दफा ३, ६, ७ र ९ बमोजिम सदस्यको पहिचान र सम्पुष्टिको विवरण (KYM) अद्यावधिक गर्ने ।

२) ऐनको दफा ७ घ. तथा विभागबाट जारी निर्देशनको दफा १३ बमोजिम सदस्यहरुको जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्ने व्यवस्था अविलम्बन मिलाउने ।

३) निर्देशनको दफा १९ र २० बमोजिम कुनै सदस्यले एकै पटक वा पटक–पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा बढी रकमको सिमा कारोवारको प्रतिवेदन १५ दिनभित्र र शंकास्पद कारोवारको प्रतिवेदन ३ दिनभित्र नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाई (FIU) मा तोकिएको ढाँचामा पठाउने । यसरी प्रतिवेदन पठाउँदा मिति २०७८ साउन देखि रु. १० करोड भन्दा निक्षेप वा पूँजी भएका बचत तथा ऋणीको कार्य गर्ने सहकारी संस्थाहरुले go AML Software system मार्फत पठाउने व्यवस्था मिलाउने ।

४) ऐनको दफा ७ त. को उपदफा (१) तथा निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धि आन्तरिक नीति र कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्ने ।

५) सञ्चालक समितिले ऐनको दफा ७ त. को उपदफा (३) तथा निर्देशनको दफा २४ बमोजिम व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने वा नियुक्त नभएसम्म प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको कार्य गर्ने गरी जिम्मेवारी तोक्ने र सो को जानकारी विभाग, वित्तिय जानकारी इकाई (FIU) लगायत नियामक निकायमा पठाउने ।

६) निर्देशनको दफा २८ बमोजिम बचत तथा ऋणको मुख्य कारोवार नगर्ने संसेथा र रु. ५ करोड भन्दा कम जायजेथा भएका संस्थाले वार्षिक रुपमा तथा अन्य सबै संस्थाले चौमासिक प्रतिवेदन पठाउनु पर्दछ ।

क) कार्यक्षेत्र अनुसार प्रत्यक्ष नियमनकारी निकाय विभाग, प्रदेश वा स्थानीय तह कुन हो सोहि निकायमा निर्देशनको अनुसूचि ६ को ढाँचामा, तोकिएको अवधि भित्र सम्पादित कामको प्रतिवेदन पठाउनु पर्दछ । त्यसैगरी राष्ट्रिय सहकारी महासंघ र सहकारी बैंकले विभाग तथा जिल्ला, प्रदेश र केन्द्रीय स्तरका संघहरुले सम्बन्धित नियमनकारी निकाय सहित विभागमा अनुसूची–७ को ढाँचामा तोकिएको अवधिमा प्रतिवेदन दिनुपर्ने छ ।

ख) प्रदेश, जिल्ला वा स्थानिय तह (नियमनकारी निकाय) ले प्राप्त प्रतिवेदन सहकारी संस्थामा सम्पत्ति शुद्धिकरण निवारण कानून पालना सम्बन्धि अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७५ को अनुसूची–३ को ढाँचामा समष्टिगत विवरण सहितको प्रतिवेदन अवधि व्यतित भएको १५ दिन भित्र विभागमा पठाउनु पर्दछ ।

७) ऐन, नियमावली र विभागबाट जारी निर्देशनका माथि उल्लेखित लगायतका सबै व्यवस्थाहरु तदारुकताका साथ पालना गर्ने गराउने व्यवस्था मिलाउनु सम्बन्धित संघ, संस्था र नियमनकारी निकायको कानूनी दायित्व हुने छ । अन्यथा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

## सहकारी संस्थाहरूलाई ब्याज पुँजीकरण नगर्ने सम्बन्धमा सहकारी विभागको सूचना

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन नपाइने व्यवस्था रहेको बेहोरा विदितै छ । तदनुसार सहकारी संस्था, सङ्घ वा बैङ्कले आफूले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई साउँ रकममा जोडी ब्याज लगाउने कार्य नगर्नु, नगराउनु हुन सूचित गरिन्छ ।

अन्यथा कानुनबमोजिम कारबाही गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

सहकारी विभाग

# साधारण सभाको निर्णयबमोजिम गर्ने सम्बन्धमा सहकारी संस्थाहरूलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ३८ मा अन्य कुराका अतिरिक्त सहकारी संस्थाको आन्तरिक कार्यविधि पारित गर्ने, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, पारिश्रमिकलगायतका सुविधा तोक्ने, बाह्य दायित्व स्वीकार गर्ने र सदस्यको दायित्व मिनाहा दिने कार्यहरू साधारण सभाले मात्र गर्न सक्ने व्यवस्था रहेको बेहोरा विदितै छ । तदनुसार विनियममा जे-जस्तो प्रावधान भए तापनि यथाशीघ्र देहायबमोजिम गर्नु, गराउनु हुन सम्बन्धित सहकारी संस्था, सङ्घ वा बैङ्कलाई सूचित गरिन्छ :

१. जुनसुकै आन्तरिक कार्यविधि साधारण सभाबाट पारित नभएको भए पारित गराएर मात्र लागू गर्ने;

२. वार्षिक कार्यक्रम तथा बजेट र सोमा हुने संशोधनसमेत साधारण सभाबाट स्वीकृत भएपछि मात्र कार्यान्वयनमा लग्ने;

३. सञ्चालक समिति, लेखा समिति वा अन्य समिति वा उपसमितिका पदाधिकारीहरूका साथै व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक वा सुविधा साधारण सभाबाट तोकेर मात्र खर्च लेख्ने;

४. ऋण लिँदा वा अन्य तवरले बाह्य दायित्व सृजना गर्दा साधारण सभामा पेस गरी निर्णय भएबमोजिम गर्ने;

५. साधारण सभाको निर्णयविना सदस्यको दायित्व मिनाहा नदिने र

६. उपर्युक्तबमोजिम ऐनका प्रावधानसँग बाझिएका विनियमका प्रावधानहरू यथाशीघ्र संशोधनको व्यवस्था मिलाउने ।

अन्यथा कानुन बमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

**सहकारी विभाग**

# सहकारी विभागमा कार्यरत कर्मचारीहरु

| क्र.स. | पद | नाम नाम | शाखा |
|---|---|---|---|
| १ | रजिष्ट्रार | डा. टोकराज पाण्डे | |
| २ | उपरजिष्ट्रार | सुरेन्द्रराज पौडेल | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| ३ | उपरजिष्ट्रार | चोमेन्द्र न्यौपाने | मापदण्ड तथा अनुगमन शाखा |
| ४ | शाखा अधिकृत | ईश्वरप्रसाद आचार्य | मापदण्ड तथा अनुगमन शाखा |
| ५ | शाखा अधिकृत | प्रेमराज लुइँटेल | मापदण्ड तथा अनुगमन शाखा |
| ६ | शाखा अधिकृत | शोभा घिमिरे | तथ्याङ्क तथा वित्तीय विश्लेषण शाखा |
| ७ | शाखा अधिकृत | सन्देशप्रसाद जोशी | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| ८ | शाखा अधिकृत | देवराज लुइँटेल | योजना शाखा |
| ९ | शाखा अधिकृत | दिपकराज पोखरेल | मापदण्ड तथा अनुगमन शाखा |
| १० | शाखा अधिकृत | भानुभक्त भट्ट | मापदण्ड तथा अनुगमन शाखा |
| ११ | कम्प्युटर अधिकृत | प्रेम शर्मा | मापदण्ड तथा अनुगमन शाखा |
| १२ | लेखा अधिकृत | दीपकराज श्रेष्ठ | आर्थिक प्रशासन तथा स्रोत परिचालन शाखा |
| १३ | कानून अधिकृत | मनुका घिमिरे | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| १४ | ना.सु. | सुमन पोखरेल | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| १५ | ना.सु. | मदनकृष्ण घिमिरे | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| १६ | ना.सु. | चेतप्रसाद रिजाल | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |

| | | | |
|---|---|---|---|
| १७ | ना.सु. | कमल पोखरेल | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| १८ | ना.सु. | अमर सिंह ओली | मापदण्ड तथा अनुगमन शाखा |
| १९ | ना.सु. | विद्या के.सी. | मापदण्ड तथा अनुगमन शाखा |
| २० | कम्प्युटर अपरेटर | डिल्लीबहादुर खड्का | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| २१ | कम्प्युटर अपरेटर | सुजिता ढकाल | मापदण्ड तथा अनुगमन शाखा |
| २२ | खरिदार | ज्ञानुकुमारी बस्नेत | प्रशासन तथा सहकारी प्रवर्धन शाखा |
| २३ | स. कम्प्युटर अपरेटर | बसन्त अधिकारी | मापदण्ड तथा अनुगमन शाखा |
| २४ | स. कम्प्युटर अपरेटर | लक्ष्मण राई | मापदण्ड तथा अनुगमन शाखा |
| २५ | इन्जिनियर | आमोद पुडासैनी | मापदण्ड तथा अनुगमन शाखा |
| २६ | क.अ. | अन्जना रेग्मी | आर्थिक प्रशासन तथा स्रोत परिचालन शाखा |
| २७ | क.अ. | योगमणि पाण्डे | मापदण्ड तथा अनुगमन शाखा |
| २८ | ह.स.चा. | रवि बस्नेत | |
| २९ | ह.स.चा. | बासु खत्री | |
| ३० | का.सहयोगी | शिव पोडे | |
| ३१ | का.सहयोगी | धनमाया चापागाई | |
| ३२ | का.सहयोगी | लोकमाया कार्की | |
| ३३ | का.सहयोगी | रामु पाठक | |
| ३४ | का.सहयोगी | कुमार शाही | |

# विभागबाट सम्पन्न विभिन्न कार्यक्रमका झलकहरु



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय पद्माकुमारी अर्यालज्यू .



मन्त्रालयका सचिव टेकनारायण पाण्डेज्यूलाई सहकारी विभागमा स्वागत गर्दै ।



कोभिड–१९ ले सहकारी क्षेत्रमा पारेको प्रभावका सम्बन्धमा सहकारी विभागले तयार पारेको अध्ययन प्रतिवेदन माननीय मन्त्रिज्यूलाई हस्तानतरण गर्दै ।




कोभिड–१९ ले सहकारी क्षेत्रमा पारेको प्रभावका सम्बन्धमा सहकारी विभागले तयार पारेको अध्ययन प्रतिवेदन तत्कालिन अर्थ मन्त्रिज्यूलाई हस्तानतरण गर्दै



सहकारी विभागमा मा. मन्त्रि, सचिवज्यू लगायतको उपस्थितिमा आयोजित बैठक कार्यक्रम ।



सम्पत्ति शुद्धीकरण सम्बन्धी पोखरामा आयोजित गोष्ठी ।



कार्यविधि /निर्देशिकाहरूको प्रारम्भिक मस्यौदाका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम ।



कार्यविधि/निर्देशिकाहरूको प्रारम्भिक मस्यौदाका सम्बन्धमा प्रस्तुती गर्दै विभागका उपरजिष्ट्रार सुरेन्द्रराज पौडेल ।




कार्यविधि/निर्देशिकाहरूको प्रारम्भिक मस्यौदाका सम्बन्धमा प्रस्तुती गर्दै विभागका उपरजिष्ट्रार चोमेन्द्र न्यौपाने ।




सन्दर्भ ब्याजदर निर्धारण सम्बन्धी प्रेस विज्ञप्ति ।



COPOMIS (सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली) सम्बन्धी अभिमुखीकरण कार्यक्रम ।



राष्ट्रिय सहकारी बैंकको सघन अनुगमन पश्चात भएको छलफल तथा निर्देशन कार्यक्रम



अनुगमन प्रतिवेदन माथि छलफल



अनुगमन पूर्वतयारी कार्यक्रम




विभागका कर्मचारीहरू



कर्मचारी बैठक




सहकारी विभाग परिसर ।




सहकारी विभाग परिसर ।



सहकारी विभाग परिसर ।



सहकारी विभाग परिसर ।

# एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा विवरण दाखिला गर्ने सम्बन्धमा

सहकारी ऐन, २०७४ को दफा ७३ (१) मा सहकारी संस्थाहरूले प्रत्येक वर्षको कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन,वार्षिक कार्यक्रम, नीति तथा योजना, सञ्चालक समिति, साधारण सभा, शेयर लगायतका विवरणहरू सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सहकारी नियमावली, २०७५ को नियम २८ को उप नियम (४) ले सहकारी संस्थाहरूले आफ्नो संस्थागत तथा व्यवसायिक कारोवारको विवरण विभागले तोकेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ ले प्रत्येक महिनाको ७ गतेभित्र मासिक र प्रत्येक आर्थिक वर्ष व्यतीत भएको ३० दिनभित्र वार्षिक वित्तीय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणालीमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।

ऐन, नियमावली र निर्देशिकाले उल्लेख गरे बमोजिम सवै सहकारी संघ संस्थाहरूले आ.व. ०७६/७७ को बार्षिक विवरण र आ.व. ०७७/७८ को हालसम्मको मासिक विवरण र समष्टिगत विवरण नियमित रूपमा एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS), मा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । कोपोमिसलाई पूर्ण रूपमा प्रयोग गरी प्रणालीले माँग गरे बमोजिमका विवरण नियमित तथा आवधिक रूपमा कोपोमिसमा दाखिला गर्नुहुनका साथै प्रणालीमा आबद्ध भई नसकेका संस्थाहरूले आगामी १५ (पन्ध्र) दिन भित्र आ-आफ्नो नियामक निकायबाट आफ्नो संस्थाको User name/Password लिई नियमित रूपमा विवरण दाखिला गर्ने ब्यवस्थाका लागि अनुरोध छ ।

सहकारी विभाग

# सहकारिताका मूल्य, मान्यता तथा सिद्धान्तहरू

सदस्यहरूको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट संचालित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता एवं आकांक्षाहरू पुरा गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन सहकारी हो ।

## सहकारी मूल्यहरू

आधार मूल्यहरू : स्वाबलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता ।

नैतिक मूलयहरू : इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल ।

## मान्यताहरू

(क) नाफामा सहभागी नहुने : अर्काको श्रम वा अर्काले तिरेको उपरि मूल्यमा लाभ नलिने ।

(ख) उपकारको भर नपर्ने : अरुको कल्याणको आस नगर्ने ।

(ग) गैर सदस्यसँग कारोबार नगर्ने : सहकारी संस्थाले व्यावसायिक सेवा सदस्यमा सीमित राख्दछन् ।

(घ) गैर सदस्यलाई सेवा दिने : सदस्यको आर्थिक फाइदासँग असम्बन्धित सेवाहरू अर्थात गैर व्यावसायिक सेवा गैर सदस्यलाई दिने ।

(ङ) सकरात्मक कार्य गर्ने : लैङ्गिक रूपमा पक्षपात नगरी समान सहभागिताको आदर्शमा काम गर्ने । सामाजिक सीमान्तीकरण मा परेका सदस्यहरूलाई अगाडि ल्याउन सकारात्मक पहल गर्ने ।

## सिद्धान्तहरू

### पहिलो सिद्धान्त : ऐच्छिक तथा खुला सदस्यता

सहकारी संस्थाहरू स्वेच्छिक सङ्गठन हुन् । यी संस्थाहरूबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यताको जिम्मेवारी वहन गर्न चाहने सबै व्यत्तिहरूको लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा आवद्ध सदस्यहरू बीच लिङ्ग, वर्ग, जातजाती, धर्मवर्ण र राजनीतिक आधारमा भेदभाव रहँदैन । कुनैपनि व्यक्ति अरुको करकापमा सदस्यता लिन बाध्य हुँदैन । सदस्यता लिने र त्याग गर्ने स्वतन्त्रता सबै सदस्यहरूलाई उपलब्ध हुन्छ । सेवा उपयोग गर्ने हैसियतमा रहेको ब्यक्तिहरूलाई सदस्यता प्राप्त गर्न कुनै कृत्तिम छेकबार लगाउन मिल्दैन ।

### दोस्रो सिद्धान्त : सदस्यको लोकतान्त्रिक नियन्त्रण

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित लोकतान्त्रिक संगठन हुन् । सहकारी संघ/संस्थाहरूका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी हुन्छन् । निर्वाचित प्रतिनिधिका रूपमा चयन हुने जुनसकै महिला तथा पुरुषसदस्यप्रति उत्तरदायी हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ । सहकारी संस्थाहरू प्रजातान्त्रिक आधारमा गठन गरिएका हुन्छन् ।

### तेस्रो सिद्धान्त : सदस्यको आर्थिक सहभागिता

सहकारी संघसंस्थाको सदस्यता प्राप्त गर्न चाहने हरेक व्यक्तिले संस्थावाट जारी हुने शेयर अनिवार्य रूपमा खरिद गर्नुपर्दछ । सदस्यहरू आफ्नो संस्थाको आर्थिक क्रियाकलापमा न्यायिक रूपमा सहभागी हुनुपर्दछ । संस्थाको पूँजी माथि सदस्यहरूले नियन्त्रण राख्छन् । सहकारी संघसंस्थामा बचत (नाफा) भएमा सदस्यहरूले चुक्ता गरेको शेयर पूँजीको आधारमा सीमित बचत फिर्ता पाँउछन् । संस्थाले आर्जन गर्ने बचत/(नाफा) बाट जगेडाकोष, संरक्षित पुँजी फिर्ता कोष, बोनस कोष, विकास कोष, शिक्षा कोष, घाटापूर्ति कोष खडा गरी संस्थागत विकास र सदस्यहरूको सेवा तथा सुविधा सुनिश्चत गरिएको हुन्छ ।

### चौथो सिद्धान्त : स्वायत्तता तथा स्वतन्त्रता

सहकारी संघसंस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित स्वायत्त तथा स्वावलम्बी संगठनहरू हुन् । संस्थाको संचालन तथा कामकारवाहीमा सरकार तथा अन्य बाह्य निकायको हस्तक्षेप हुँदैन । संघसंस्थाहरूले आफ्ना सदस्यहरूबाट बचत तथा पँजी सङ्कलन र बाह्य स्रोतबाट सम्झौता गरी ऋण प्राप्त गर्न सक्दछन् । संघसंस्थाहरू सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रणमा बाधिएका हुन्छन् । संघसंस्थाले स्वायत्तता कायम राख्ने हिसावले काम गर्नु पर्दछ ।

### पाँचौ सिद्धान्त : शिक्षा, तालिम र सूचना

सहकारी सघसंस्थाहरूले सदस्यहरूको चौतर्फी विकासका लागि अनवरत रूपमा शिक्षा र तालिमको व्यवस्था गर्नुपर्दछ । संचालक, व्यवस्थापक र सदस्यहरूले संस्थामा प्रभावकारी रूपमा योगदान दिन सकोस् भनी उनीहरूलाई शिक्षा तथा तालिम उपलब्ध गराउनु पर्दछ । सहकारी संघसंस्थाहरूले सङ्गठनको प्रकृति तथा लाभबारे समुदायभित्रका सामान्य जनताहरूलाई सुसूचित गराउँदछन् ।

### छैठौं सिद्धान्त : सहकारी संस्थाहरूका बीच सहयोग

सहकारी संस्थाहरूले प्रभावकारी रूपमा आफ्ना सदस्यहरूलाई सेवा पुऱ्याउने उद्देश्यका साथ स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अर्न्राष्ट्रिय संरचनाहरूका माध्धमबाट आपसमा मिलेर सहकारी व्यवसायलाई प्रवर्द्धन गर्दछन् र गुणात्मक सेवा प्रवाह गरी सहकारी आन्दोलनलाई सुदृढ पार्दछन् ।

### सातौं सिद्धान्त : समुदायप्रतिको सरोकार

सहकारी संस्थाहरूले निर्धारित नीतिको आधारमा समुदायको दिगो विकासको लागि कार्य गर्छन् । सहकारी संघसंस्थाहरू समुदायमा आधारित भई स्थापित र सञ्चालित हुन्छन् । समुदाय प्रतिको जिम्मेवारी हरेक सहकारी संघसंस्थाको दायित्व भित्र रहेको हुन्छ ।